का.जि.प्र.का.द.नं. १००/०५१/६०

१५ असार २०८१,
शनिबार
29 June 2024,
Saturday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ई-पेपर हेर्न

वर्ष २२, अंक १३७ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com



# भूमरीमा फस्दै रवि

अनेक आरोप र दबाब खेपिरहेका रास्वपा सभापति एवम् गृहमन्त्री रवि लामिछानेलाई अर्को संकट आइलागेको छ, आन्तरिक मतभेद । महामन्त्री डा. मुकुल ढकालले अहिलेकै सत्ता सहकार्यमा बसिरहे पार्टीको अस्तित्व संकटमा पर्ने प्रतिवेदन सार्वजनिक गरिदिएपछि सभापति लामिछाने अप्ठ्यारोमा परेका हुन् ।



आजभोलि नै चुनाव हुने हो भने हम्मे हम्मे तरिकाले राष्ट्रिय पार्टी बन्ला । प्रत्यक्षमा १-२ सिट जित्ला । तर भोलिका दिनहरुमा आजैकै स्थिस्ति रहे पार्टीको हालत विवेकशीलसरी हुनेछ ।

■ **महामन्त्री ढकालको प्रतिवेदनको अंश**

**सन्दीप बि.क./मध्यान्ह**
काठमाडौं, १४ असार ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को अनुशासन आयोगले पार्टी महामन्त्री डा.मुकुल ढकाललाई स्पष्टिकरण सोधेको छ । पार्टी अनुशासन तोडेको आरोपमा महामन्त्री ढकाललाई आयोगले स्पष्टिकरण सोधेको हो ।

महामन्त्री ढकालले स्थलगत भ्रमणपछि तयार पारेको प्रतिवेदनको निष्कर्ष सार्वजनिक गरेका थिए । गत ६ जेठदेखि ५ असारसम्म महामन्त्री ढकालले ३८ जिल्ला घुमेर ३२ पृष्ठ लामो प्रतिवेदन तयार पारेका छन् ।

महामन्त्री ढकालले पार्टीको निर्णय बमोजिम नै स्थलगत भ्रमण गरी प्रतिवेदन तयार पारेका थिए । गत १५ वैशाखमा सम्पन्न इलाम-२ को उपचुनावमा रास्वपाका उम्मेद्वार मिलन लिम्बुले जमानत समेत जोगाउन नसकेपछि स्थलगत अध्ययन गर्ने रास्वपाले निर्णय गरेको थियो ।

पार्टी सभापति एवं गृहमन्त्री रवि लामिछाने सहित मन्त्रीहरु नै गएर मत माग्दा पनि लिम्बुले जमानत जोगाउन सकेका थिएनन् । त्यसपछि महामन्त्रीलाई स्थलगत अध्ययन गर्ने जिम्मा दिइएको थियो ।

तर महामन्त्री ढकालले तयार पारेको प्रतिवेदन कार्यान्वयन गर्ने भन्दा पनि रास्वपा नेतृत्वले उल्टै कार्बाही प्रक्रिया अगाडि बढाएका छन् । यसरी प्रतिवेदन तयार पारेकै आधारमा स्पष्टिकरण सोध्ने र कार्बाही प्रक्रिया अगाडि बढाउने निष्कर्षमा रास्वपा पुग्नुमा भने महामन्त्री ढकालले तयार पारेको प्रतिवेदनले पार्टी नेतृत्वमै प्रश्न उठ्नुमा हो ।

महामन्त्री ढकालले अहिलेको सत्ता सहकार्यमा रहेका नेकपा एमाले, नेकपा माओवादी केन्द्र लगायतसँग गठबन्धन तोड्नुपर्ने आशयको प्रतिवेदन तयार पारेका छन् । यदि एमाले र माओवादीसँगै सत्ता सहकार्य गरिरहे आगामी चुनाव २०८४ मा पार्टीको अवस्था कमजोर भएर जाने निष्कर्ष उनले तयार पारेका छन् ।

जबकी रास्वपाका सभापति लामिछाने सहित नेताहरुले आगामी चुनावमा एकल बहुमत ल्याउने दाबी गरिरहेका छन् । तर त्यसबिपरीत सत्ता सहकार्य तोडेर गैर दलीय उम्मेद्वारी दिएर मेयर जितेका बालेन, गोपी हमालसँग सहकार्य गर्नुपर्ने सुझाव ढकालले दिएका छन् ।

'.. आजभोलि नै चुनाव हुने हो भने हम्मे हम्मे तरिकाले राष्ट्रिय पार्टी बन्ला । प्रत्यक्षमा १-२ सिट जित्ला । तर भोलिका दिनहरुमा आजैकै स्थिस्ति रहे पार्टीको हालत विवेकशीलसरी हुनेछ', ढकालको प्रतिवेदनमा उल्लेख छ ।

महामन्त्री ढकालले एमाले अध्यक्ष केपी शर्मा ओली र प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड सहित पुराना नेताहरुसँगको सम्बन्ध तोड्नुपर्ने सुझाव दिएका छन् । अर्थात् महामन्त्री ढकालको सुझाव प्रतिवेदन सभापति लामिछानेका निम्ति नयाँ समस्या बनेर आएको छ ।

>>> पृष्ठ २ मा

# एसईई फेल भएका विद्यार्थीलाई राहत

दुईभन्दा बढी विषयमा एनजी अर्थात फेल विद्यार्थीले पनि मौका परीक्षा दिन पाउने भएपछि एसईई दिएका र कक्षा ११ पढ्न नपाउने भनिएका ५२ प्रतिशत अर्थात, २ लाख ४७ हजार विद्यार्थीलाई पास गर्ने अवसर मिलेको छ ।



एनजी आएका (फेल भएका) सबै विद्यार्थीहरुलाई मौका परीक्षा दिन पाउने निर्णय भएको छ ।

● **केशव दाहाल**
**प्रवक्ता**
**शिक्षा मन्त्रालय**

**शिव विक/मध्यान्ह**
काठमाडौं, १४ असार ।

माध्यमिक शिक्षा परीक्षा (एसईई) मा फेल भएका सबै विद्यार्थीले मौका परीक्षा दिन पाउने भएका छन् । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले एसईईमा दुई भन्दा बढी विषयमा एनजी ल्याएका विद्यार्थीहरुलाई पनि मौका परीक्षा दिन पाउने निर्णय गरेको छ । शुक्रबार मन्त्रालयले सो निर्णय गरेको हो ।

दुईभन्दा बढी विषयमा एनजी अर्थात नन ग्रेड ल्याएका विद्यार्थीले पनि मौका परीक्षा दिन पाउने निर्णय भएको शिक्षा मन्त्रालयका प्रवक्ता केशव दाहालले जानकारी दिए ।

'एनजी आएका (फेल भएका) सबै विद्यार्थीहरुलाई मौका परीक्षा दिन पाउने निर्णय भएको छ' दाहालले भने, 'यदि एनजी आएका कुनै विद्यार्थीले मौका परीक्षा दिएर कक्षा ११ पढ्ने चाहाना राख्छन् भने उनीहरुले मौका परीक्षा दिन पाउन भनेर मन्त्रीस्तरीय निर्णयबाट यो मौका दिइएको हो ।'

एनजी ल्याएका विद्यार्थीलाई मौका परीक्षामा सहभागी गराउन लेटर ग्रेडिङ निर्देशिका २०७८ संशोधन गर्ने प्रकृया अगाडि बढाइने भएको छ । यसका लागि पाठ्यक्रम विकास केन्द्र, परीक्षा बोर्ड र परीक्षा नियन्त्रण कार्यालयलाई परीक्षा सञ्चालन व्यवस्थापन गर्न र शिक्षा तथा मानव स्रोत विकास केन्द्रलाई आवश्यक कक्षा सञ्चालन तथा सिकाइ सहजीकरण गर्न विद्यालय तथा सरोकार निकायलाई निर्देशन दिने निर्णय पनि मन्त्रालयले गरेको छ ।

यसले एसईईमा फेल भएका विद्यार्थीलाई राहत मिलेको छ । बिहीबार सार्वजनिक भएको एसईईमा ५२ प्रतिशत विद्यार्थी नन ग्रेडेड (फेल) भएका छन् । एसईईको नतिजाअनुसार २ लाख २२ हजार ४७२ जना (४७.८६ प्रतिशत) विद्यार्थी मात्रै पास भएका छन् । २ लाख ४७ हजार विद्यार्थी फेल भएका छन् ।

गत चैत १५ गतेदेखि शुरु भएको एसइईमा नियमिततर्फ चार लाख ६७ हजार र ग्रेड वृद्धितर्फ २१ हजार विद्यार्थी सहभागी भएका थिए ।

एसइईको २०७१ सालपछि पहिलो पटक पास र फेलसहितको नतिजा निकालिएको हो । जसमा ५२ प्रतिशत विद्यार्थी अनुतिर्ण भएका हुन् । जसले कक्षा ११ पढ्न पाउने छैनन् । तर अब मौका परीक्षा पास गरेको खण्डमा भने उनीहरूले कक्षा ११ पढ्न पाउनेछन् । यो विषयमा संसदमा समेत आवाज उठेको थियो । नेपाली

>>> पृष्ठ २ मा

**धितोपत्र बोर्डमा राजनीति**

# अध्यक्ष नियुक्ति प्रक्रिया रद्द

प्रधानमन्त्री तथा नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड, नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा र नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीकै स्वार्थ टकरावपछि धितोपत्र बोर्ड अध्यक्ष नियुक्तिसम्बन्धी सबै प्रक्रिया रद्द हुन पुगेको हो ।



**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १४ असार ।

नेपाल धितोपत्र बोर्ड अध्यक्ष नियुक्ति प्रक्रिया रद्द भएको छ । कार्ययोजना प्रस्तुति तथा अन्तर्वार्तामा दुई जना मात्र उपस्थित भएपछि राष्ट्रिय योजना आयोगको संयोजकत्वमा गठित अध्यक्ष छनोट सिफारिस समितिले उक्त प्रक्रिया शुक्रबार रद्द गरेको हो ।

सूचनामा प्रक्रिया रद्द गर्नुको कारणमा केही बताइएको छैन । सिफारिस समितिमा रहेका सदस्यहरूका अनुसार राजनीतिक स्वार्थका कारण बोर्ड अध्यक्ष नियुक्ति प्रक्रिया रद्द हुन पुगेको हो । कसलाई अध्यक्ष बनाउने भन्ने विषयमा प्रधानमन्त्री तथा नेकपा माओवादी केन्द्र अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड, नेपाली कांग्रेस सभापति शेरबहादुर देउवा र नेकपा एमाले अध्यक्ष केपी शर्मा ओलीकै स्वार्थ टकराव थियो ।

राजनीतिक स्वार्थकै कारण सर्टलिस्टमा परेका पाँच जनालाई बोलाइएको अन्तर्वार्ता तथा व्यावसायिक प्रस्तुतीकरणमा दुई जना मात्रै सहभागी भए । बोर्डको अध्यक्ष सिफारिसको लागि बनेको सिफारिस समितिले सर्टलिस्टमा राखेका पाँच जनामध्ये दुई जना मात्रै सहभागी भएपछि बोर्डको अध्यक्ष नियुक्ती प्रक्रियामा अगाडि बढ्न नसकेको हो ।

अन्तरर्वार्तामा अध्यक्ष आवेदकहरुमध्ये सर्टलिस्टमा परेकामध्ये सन्तोषनारायण श्रेष्ठ र मुक्तिनाथ

>>> पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# हालसम्म हजार बढी कामदार पठाउने ७७ म्यानपावर

## हालसम्म धेरै पठाउने पहिलो, दोस्रो र तेस्रेमा क्रमशः नीलकमल, एसओएस र एयर किंग्स

**मध्यान्ह संवाददाता**
काठमाडौं, १४ असार

चालु आर्थिक वर्षको असार दोस्रो हप्तासम्म ७७ म्यानपावर कम्पनीले एक हजार भन्दा धेरै कामदार वैदेशिक रोजगारीमा पठाएका छन् । वैदेशिक रोजगार विभागका अनुसार असार १२ गतेसम्म म्यानपावर कम्पनीबाट ३ लाख ३५ हजार ९ सय ९७ जना नेपाली रोजगारीको खोजीमा संस्थागत श्रम स्वीकृति लिएर विदेश गएका छन् । त्यसमा पुरूष कामदारको संख्या २ लाख ९९ हजार ८ सय ३३ र महिला कामदारको संख्या ३६ हजार १ सय ४६ रहेको छ ।

असार १२ गतेसम्मको तथ्यांकअनुसार निल कमल ह्युमन रिसोर्स प्रा.लि.ले यस वर्ष सबैभन्दा धेरै कामदार वैदेशिक रोजगारीमा पठाएको छ । उक्त कम्पनीबाट ७ हजार १३ जना कामदार वैदेशिक रोजगारीमा गएका छन् । दोस्रोमा एसओएस म्यानपावर सर्भिस प्रा.लि. रहेको छ । उक्त कम्पनीबाट ५ हजार ५ सय ५५ जना गएका छन् । यस्तै एयर किंग्स प्लेसमेन्ट प्रा.लि. ३,८३७ जना कामदार बैदेशिक रोजगारीमा पठाएर उक्त अवधिसम्म तेस्रो नम्बरमा परेको छ ।

**हजार बढी कामदार पठाएका म्यानपावर कम्पनीहरू :**

निल कमल ह्युमन रिसोर्स प्रा.लि.- ७,०१३
एसओएस म्यानपावर सर्भिस प्रा.लि.- ५,५५५
एयर किंग्स प्लेसमेन्ट प्रा.लि.- ३,८३७
प्याराडाइज इन्टरनेशनल प्रा.लि.- ३,६०८
दि रिभर ओभरसिज प्रा.लि.- ३,५९७
साउण्डलाइन्स रिक्रुटमेन्ट प्रा.लि.- ३,५६०
इन्टरनेशनल म्यानपावर रिक्रुटमेन्ट प्रा.लि.- ३,५५४
सपोर्ट ह्युमन रिसोर्स प्रा.लि.- ३,३३६
गल्फ म्यानपावर सर्भिस प्रा.लि.- २,९२७

>>> पृष्ठ २ मा

### सुरक्षित वैदेशिक र आन्तरिक रोजगारीका लागि सीप अनिवार्य : मन्त्री अर्याल

**धादिङ/मस–** श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री डोलप्रसाद अर्यालले सुरक्षित वैदेशिक रोजगार र आन्तरिक रोजगारीका लागि सीप अनिवार्य रहेको बताएका छन् । शुक्रबार निलकण्ठ नगरपालिका धादिङले आयोजना गरेको 'युवा सीप तालिम तथा रोजगार मेला'को उद्घाटन गर्दै मन्त्री अर्यालले सीपमूलक कार्यक्रममा सहयोग गर्न प्रदेश र स्थानीय सरकारलाई आग्रह गरे ।

'वैदेशिक रोजगारीमा जाने होस् वा आन्तरिक रोजगारीमा रहने श्रमिकका लागि सीप अपरिहार्य हुन्छ,' मन्त्री अर्यालले भने, 'सीप भएको श्रमिकले राम्रो आम्दानी गर्न सक्छ । सम्भावित दुर्घटनाबाट बच्न सक्छ । बाध्यकारी वैदेशिक रोजगारीमा रहँदा पनि आफ्ना सपनाहरु पूरा गर्न सक्छ । त्यसैले सीपमूलक कार्यक्रममा ठूलो लगानी गर्नुपर्नेछ ।'

मन्त्री अर्यालले श्रम मन्त्रालयले आन्तरिक रोजगारीलाई प्रवर्द्धन र व्यवस्थित गर्न रोजगार बैंकको बृहत् अवधारणालाई अघि सारेको बताउँदै बैंकमा वैदेशिक रोजगारीबाट फर्केका श्रमिकको तथ्यांक

>>> पृष्ठ २ मा

**फ्रि भिषा फ्रि टिकट युएईमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : EFS FACILITIES SERVICES (EFS L.L.CL) | शहर: UAE
पूर्व स्वीकृत मितिः २०८१/०२/२१ | चलानी नं.: ६०२२०४४४ | LT. No.: 305651 | पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरूष | महिला | | AED | ने. रू. | | | | | | | |
| 1. | Cleaner | 100 | 100 | स. काममा दक्ष | 800 | २९,०२४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

प्रि अन्तर्वार्ता मेनपावर कार्यालयमा भइरहेको छ ।
फाइनल अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असार २२ गते (6 July 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Govt. Lic. No. 1035/072/073

**Lulu International Pvt. Ltd.**
Kathmandu-26, Samakhusi, Tel: 4970151 | 4951637
Mob. : 9851083549 | 9802355990 | 9818065184

मध्यान्ह
www.madhyanhadaily.com

१५ असार २०८१, शनिबार
29 June 2024, Saturday

नक्कली भुटानी शरणार्थी प्रकरण

# पूर्वगृहमन्त्री रामबहादुरका छोरा प्रतीक पक्राउ

**काठमाडौं/मस–** पूर्वगृहमन्त्री रामबहादुर थापाका छोरा प्रतीकलाई प्रहरीले पक्राउ गरेको छ।

नक्कली भुटानी शरणार्थी प्रकरणमा फरार रहेका उनलाई बौद्धबाट पक्राउ गरिएको प्रहरीले जनाएको छ।

ठगी, कीर्ते, संगठित अपराध र राज्यविरूद्धको कसुरमा जिल्ला प्रहरी परिसर काठमाडौंले ३० जनालाई प्रतिवादी बनाएर काठमाडौं जिल्ला अदालतमा मुद्दा पेश गरेको थियो । यो प्रकरणमा ३० जनाविरूद्ध ०८० जेठ १० गते सरकारी वकिलको कार्यालयले काठमाडौं जिल्ला अदालतमा मुद्दा दर्ता गराएको थियो ।

थापालाई आइतबार जिल्ला अदालत, काठमाडौंमा पेस गरिने छ ।

प्रहरीका अनुसार प्रतीक कहिले भारतको देहरादुन त कहिले सिलगढी बस्दै



आएको खुलेको थियो ।

पक्राउ पुर्जी जारी भएलगत्तै थापाले प्रेस वक्तव्य जारी गरेर 'संवेदनशील विषय भएकाले अनुसन्धानलाई सहयोग गर्ने' बताएका थिए । तर उनी फरार थिए ।

प्रहरीको उपत्यका अपराध अनुसन्धान कार्यालयले १२ चैत २०७९ मा भुटानी शरणार्थी बनाएर अमेरिका पठाइदिन्छु भन्दै असुली गरेको आरोपमा मोरङका केशव दुलाल, ललितपुरका सानु भण्डारी र पाँचथरका टेक गुरुङलाई पक्राउ गरेको थियो। यसको तीन दिनपछि मोरङका सागर राई पनि पक्राउ परेका थिए । दुलाल र भण्डारीको बयान लिँदा यस प्रकरणमा हाई-प्रोफाइलहरूको संलग्नता खुलासा भएको थियो। त्यसक्रममा पूर्वगृहसचिव, मन्त्रीदेखि नेताहरूका छोराहरूले रकम लिएकोसम्म उनीहरूले बयान दिएका थिए ।

# किसानलाई दिएको रकम तलब, भत्तामा खर्च भएको भन्दै मन्त्रीको असन्तुष्टि

**काठमाडौं/मस–** कृषि तथा पशुपन्छी विकासमन्त्री ज्वालाकुमारी साहले सरकारले ऋण लिएर दूध उत्पादक किसानलाई दिएको रु.३० करोड स्वार्थ समूहले तलब, भत्तामा खर्च गर्ने निर्णय गरेकामा आपत्ति जनाएकी छन् ।

नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजना 'समापन तथा नतिजा प्रसार समारोह कार्यक्रम'मा मन्त्री साहले किसानलाई असहज हुने गरी कुनै पनि काम नगर्न निर्देशन दिइन् । यसबाट दुग्ध विकास संस्थानले पाठ सिक्नुपर्ने उनले उल्लेख गरिन् ।

मन्त्री साहले कृषिलाई प्राथमिकता दिने नीतिअनुरुप सरकारले लगानी दशक घोषणा गरेकाले यसमा निजी क्षेत्र सहभागी हुने व्यवस्था गरिएको बताइन् । उत्पादनमा



लागेका किसानलाई सहुलियत ऋण उपलब्ध गराउन पहल गर्ने उनले प्रतिबद्धता जनाइन्।

मन्त्रालयका सचिव डा.राजेन्द्रप्रसाद मिश्रले आयोजनाका माध्यमबाट पशु विकासका क्षेत्रमा प्राप्त उपलब्धि शून्यमा नजाने गरी काम गरिने प्रतिबद्धता जनाए ।

सातै प्रदेशसँग छलफल गरी आयोजनाबाट प्राप्त भएका उपलब्धिलाई संस्थागत गर्न पहल गरिने उनले बताए ।

दूध र खसीको मासु उत्पादनमा आत्मनिर्भर हुन आयोजनाबाट सहयोग मिलेको सचिव मिश्रले बताए । 'आयोजनाको काम समापन हुनु भनेको नयाँ सुरुआत पनि भएकाले दूधको आन्तरिक उपभोग बढाउन जरुरी छ', उनले भने । पशु रोगमुक्त क्षेत्र घोषणा गर्ने कार्यक्रमलाई पनि मन्त्रालयले प्राथमिकता दिएको सचिव मिश्रले बताए। सन् २०१८ देखि शुरु भएको उक्त कार्यक्रम यस वर्ष आइतबारदेखि सकिन लागेको आयोजना निर्देशक वैकुण्ठ अधिकारीले जानकारी दिए ।

वैदेशिक रोजगारी

# तीन वर्षको अवधिमा कपिलवस्तुका १ सय २६ जनाको मृत्यु



**क्षितिज किरण/मध्यान्ह**
कपिलवस्तु, १४ असार

स्वदेशमा रोजगारीको अभाव र आकर्षक तलबको लोभमा परेर वैदेशिक रोजगारीमा जानेको संख्या दिनप्रतिदिन बढ्दै गएको छ। आर्थिक अवस्था उकास्न भन्दै वैदेशिक रोजगारीमा जानेको संख्या निरन्तर बढ्दै गएको छ ।

रोजगारीमा जानेका संख्या बढेसँगै जोखिम समेत बढेको छ । जोखिम बढेपनि वैदेशिक रोजगारीमा जानेको संख्या भने घटेको छैन । भने अनुसारको काम नपाएको, मृत्युको संख्या र अंगभंग हुनेको संख्या समेत बढ्दै गएको छ । चालु आर्थिक वर्षको ११ महिनामा मात्र वैदेशिक रोजगारीमा गएका कपिलवस्तुका ४३ जनाको मृत्यु भएको छ ।

८ जना अंगभंगमा परेका छन् । विगत ३ वर्षमा भने कपिलवस्तुका १ सय २६ जनाको मृत्यु र ३८ जना अंगभंगमा परेका छन् । ३ वर्षमा नेपालका ३ हजार ८ सय ४६ मृत्यु र ७१२ जना अंगभंगमा परेका छन् ।

कपिलवस्तुको तौलिहवामा सुरक्षित आप्रवासन (सामी) ले राखेको पत्रकार अन्तरक्रिया कार्यक्रममा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको साझेदारीमा काम गरिरहेको सामीका लुम्बिनी प्रदेश संयोजक जिया उल हकले बताए ।

हालसम्म कपिलवस्तुबाट १ लाख ४ हजार ३६३ जना वैदेशिक रोजगारीमा गएका छन् । यो संख्या श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा गएकाहरूको मात्र हो । नेपालबाट भने गत वर्ष ७ लाख ७१ हजार ३ सय २७ जना विभिन्न मूलकमा वैदेशिक रोजगारीका लागि गएका थिए । गैर कानूनी ढंगले जाने, प्रक्रिया पूरा नगरी वा पर्यटन भिसामा जाने तथा अध्ययन भिसामा जानेहरूको तथ्यांक भने फरक पर्न सक्ने उनले बताए ।

कपिलवस्तुबाट आर्थिक वर्ष ०७९/०८० मा १५ हजार १०१ जना वैदेशिक रोजगारीका लागी गएको सामीका परियोजनाका जिल्ला संयोजक सुभाष रेग्मीले बताए ।

यस्तै चालु आर्थिक वर्षको जेठ महिना भित्र १२ हजार ८८ जनाले श्रम स्वीकृत लिएका छन् । जसमा महिला ४ सय ३२ जना छन् । कपिलवस्तुमा अहिलेसम्म वैदेशिक रोजगारी ठगीका ३ सय ३४ वटा उजुरी परेका छन् । यस्तै चालु आर्थिक वर्षमा १ सय ५३ वटा ठगी सम्बन्धी उजुरी परेका छन् । पीडितलाई १ करोड ९८ लाख ५१ हजार ५ सय क्षतिपूर्ति दिलाइएको छ ।

कपिलवस्तु नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत गणेश प्रसाद अर्यालले स्वदेशमा रोजगारीको अभाव र आर्थिक स्थितिका कारण वैदेशिक रोजगारीमा अहिले युवाहरूको आकर्षण बढेको छ । एजेन्टको भरमा परेर विदेशमा जाँदा समस्या र जोखिम समेत उत्तिकै बढेको उनले बताए । वैदेशिक रोजगारीमा जानु आकर्षण र बाध्यता भए पनि सुरक्षित रूपले जानु पर्ने उनले बताए ।

**१७ वर्षमा ७७ लाख बढी वैदेशिक रोजगारीमा**

देशभरबाट विदेश जानेको संख्या बढ्दै गएको छ । रोजगारीका लागि जाने मध्ये खाडीमा जानेको संख्या ९३ प्रतिशत बढी छ । २०६३/०६४ सालयता गएको वैशाख मसान्तसम्म ७७ लाख २० हजार ७ सय ८ जनाले श्रम स्वीकृति लिएको वैदेशिक रोजगार विभागको तथ्यांकमा उल्लेख छ । नेपालबाट गत आर्थिक वर्ष २०७९/८० मा ७ लाख ७१ हजार ३ सय २७ जना रोजगारीका लागि विदेश गएका थिए । यो संख्या गएको १७ वर्षयताको उच्च संख्या हो । चालु आर्थिक वर्षको जेठ मसान्तसम्म ६ लाख ९ हजार ६ सय ९९ जना वैदेशिक रोजगारीमा गएका छन् ।

यस्तै लुम्बिनी प्रदेशबाट हालसम्म १० लाख ६१ हजार ५६० जना वैदेशिक रोजगारीका लागि गएका छन् । अहिलेसम्म विदेश जानेहरू कुल ९३ प्रतिशत जनसंख्या मलेसिया तथा खाडी मुलुकमा गएका छन् । बाँकी ७ प्रतिशत नागरिक जापान, बहराइन, कोरिया, क्रोएसिया लगायतका देशमा छन् । राष्ट्रको खर्च धान्न, वैदेशिक मुद्रा सञ्चितिमा रेमिट्यान्स प्रमुख स्रोत हो । विदेशबाट पठाएको अधिकांश रकम दैनिक उपभोग्य सामान खरिद गर्नमै गएको तथ्यांकले देखाएको छ ।

विदेशबाट भित्रिएको पैसाको ७२ दशमलव ४० प्रतिशत रकम दैनिक घर खर्चमै गएको राष्ट्रिय तथ्यांक कार्यालयले जनाएको छ । यस्तै ऋण तिर्न १५ दशमलव ८ प्रतिशत रकम खर्चिने गरेका छन् । अध्ययनका लागि ४ दशमलव ६ प्रतिशत, घरजग्गामा १ दशमलव ९ प्रतिशत रकम खर्च भएको छ । बचत प्रतिशत जम्मा १ दशमलव ९ रहेको छ । देशका ५६ प्रतिशत घरपरिवारले रेमिट्यान्स प्राप्त गर्छन् भने लुम्बिनी प्रदेशका ८९ दशमलव ६ प्रतिशत घरपरिवारले रेमिट्यान्स प्राप्त गर्दछन् । नेपालमा आएको पैसाको अधिकांश रकम घर खर्चमै सकिएको पाइएको छ ।

## भूमरीमा...

किनकि सभापति लामिछाने जसरी पनि सत्तामा जाने एकमात्र लक्ष्यमा अडिग छन् । गत वर्ष सरकारबाट हटेपनि सभापति लामिछानेकै जोडबलमा फेरि गत २१ फागुनमा नयाँ सत्ता समीकरण बनेको थियो । समीकरण फेरिएपछि फेरि गृहमन्त्री बनेका सभापति लामिछानेको राजीनामा मागेर नेपाली कांग्रेसले लगातार संसद् अवरोध गरेको थियो । तर प्रधानमन्त्री प्रचण्डले कांग्रेसलाई मनाएर संसद् अवरोध हटाएका थिए । कांग्रेसको अवरोध हटेपछि बजेट आएकाले सरकार जोगिन पुगेको छ । यद्यपि सरकार बदल्ने कांग्रेसको प्रयत्न जारी रहेका बेला सभापति लामिछानेलाई अप्ठ्यारो पार्नेगरी महामन्त्री ढकालले तयार पारेको प्रतिवेदन सार्वजनिक भएको छ । यो प्रतिवेदन कार्यान्वयनको माग महामन्त्री ढकालले गरिरहेका छन् । तर उल्टै सभापति लामिछानेले स्पष्टिकरण सोध्ने र कार्बाही गर्ने संकेत दिएका छन् । यसले सभापति लामिछाने आन्तरिक संकटमा परेको प्रष्ट हुन्छ ।

## एसईई...

कांग्रेसका सांसद तेजुलाल चौधरीले गणित, अंग्रेजी र विज्ञान शिक्षकलाई विशेष व्यवस्था गर्न माग गरे ।

एसईई नतिजाले यी तीन विषयका लागि विशेष व्यवस्था गर्नुपर्ने देखाएको उनको भनाइ छ । 'साँच्चै शिक्षा सुधार गर्ने हो भने गणित, अंग्रेजी र विज्ञान शिक्षकलाई विशेष व्यवस्था गर्न म जोडदार माग गर्दछु' शुक्रबार प्रतिनिधि सभाको बैठकमा बोल्दै सांसद चौधरीले भने ।

नेपालका धेरैजसो स्कुलले गणित र विज्ञान शिक्षक नै पाउन छोडेको र परीक्षामा विद्यार्थीहरु समेत यही तीन विषयमा धेरै फेल भएको उनले बताए ।

## धितोपत्र...

श्रेष्ठ मात्रै सहभागी भएका थिए । सर्टलिस्टमा परेकामध्ये अन्य आवेदकहरु कृष्णबहादुर कार्की, चिरञ्जीवी चापागाईं र नवराज श्रेष्ठ सहभागी भएनन् । सर्टलिस्टमा परेकामध्ये तीनजना व्यक्तिहरु नै सहभागी नभएपछि समस्या भएको हो । नियुक्तिका लागि सिफारिस समितिले कम्तीमा तीन जनाको नाम पठाउनुपर्ने हुन्छ । दुई जना मात्रै अन्तर्वार्तामा उपस्थित भएपछि धितोपत्र बोर्ड अध्यक्ष नियुक्ति सम्बन्धी सबै प्रक्रिया रद्द हुन पुगेको हो ।

अन्तर्वार्तामा दुई जना मात्रै उपस्थित भएपछि समितिका सदस्यहरुबीच कति जनालाई सिफारिस गर्ने भन्ने मतभेद भएको थियो । तर, स्पष्ट कारण नै नखुलाई बोर्ड अध्यक्ष नियुक्ति सम्बन्धी सबै प्रक्रिया रद्द गरिएको छ ।

जहाँ भनिएको छ, 'नेपाल धितोपत्र बोर्डको अध्यक्ष नियुक्ति गर्ने प्रयोजनका निमित्त नाम सिफारिस गर्नका लागि गठन भएको समितिको २०८१/०३/१४ को निर्णयअनुसार नेपाल धितोपत्र बोर्डको अध्यक्षको निमित्त नाम सिफारिस गर्नको लागि २०८०/११/१६ मा सूचना प्रकाशन गरी समितिले हालसम्म सम्पन्न गरेका छनौटसम्बन्धी सम्पूर्ण प्रक्रियाहरु रद्द गरिएको छ ।'सरकारको सहसचिव स्तरले नेतृत्व गर्ने धितोपत्र बोर्ड अध्यक्ष नियुक्तिमा विगतमा पनि राजनीतिक स्वार्थ जोडिएका व्यक्तिहरुको प्रभाव रहने गर्दथ्यो । यसपटक पनि प्रधानमन्त्री प्रचण्डदेखि अर्थमन्त्री वर्षमान पुन, प्रमुख सत्ताघटक र प्रमुख प्रतिपक्षी दलका सभापतिसम्मको राजनीतिक स्वार्थको लडाइँले बोर्डको अध्यक्ष नियुक्तिको सम्पूर्ण प्रक्रिया रद्द भएको हो ।

## हालसम्म...

एड्भान्स म्यानेजमेन्ट कन्सल्ट्यान्ट्स प्रा.लि.- २,८९०
आकर्षण इन्टरनेशनल प्रा.लि.- २,७०६
इम्पावर ह्युमन रिसोर्स म्यानेजमेन्ट प्रा.लि.- २,५६७
सान नेपाल प्रा.लि.- २,५१६
लिंक इन्टरनेशनल प्लेसमेन्ट सर्भिस प्रा.लि.- २,४३७
मास ह्युमन रिसोर्स प्रा.लि.- २,४०४
एसपीएम ओभरसिज प्रा.लि.- २,३७९
अक्सफोर्ड इन्टरनेशनल प्रा.लि.- २,२८१
अञ्जली ओभरसिज प्रा.लि.- २,२१७
जब स्याकर म्यानपावर प्रा.लि.- २,०९५
बेष्ट रिक्रुटमेन्ट प्रा.लि.- २,०७२
नाइस रिक्रुटमेन्ट ऐजेन्सी प्रा.लि.- २,०४०
शिखर इन्टरनेशनल म्यानपावर सर्भिस प्रा.लि.- १,९१६
अल जराफा ह्युमन रिसोर्स म्यानेजमेन्ट प्रा.लि.- १,९०७
अल जाहरा ह्युमन रिसोर्स कन्सल्ट्यान्सी प्रा.लि.- १,७८५
फ्रन्टलाइन रिक्रुटमेन्ट प्रा.लि.- १,८५४
ग्रेस ओभरसिन प्रा.लि.- १,७५०
अलसेक्युर म्यानपावर रिक्रुटमेन्ट प्रा.लि.- १,७२५
पर्फेक्ट रिक्रुटिङ सर्भिस प्रा.लि.- १,६९५
इन्डेक्स रिक्रुटमेन्ट प्रा.लि.- १,६८७
मोन्टेज ओभरसिज प्रा.लि.- १,६८४
शिवाकोटी म्यानपावर सर्भिस प्रा.लि.- १,६७१
एमबि ह्युमन रिसोर्स प्रा.लि.- १,६५७
अलस्कील इन्टरनेशनल ह्युमन रिसोर्स प्रा.लि.- १,६४२
गोर्खा ह्युमन रिसोर्स सोलुसन प्रा.लि.- १,५५९
मदरल्याण्ड ओभरसिज प्रा.लि.- १,५५९
रिक्रुटमेन्ट पाट्नर्स प्रा.लि.- १,५१८
एचएमटी ओभरसिज प्रा.लि.- १,४९९
ब्रदर्स इन्टरनेशनल इम्प्लोइमेन्ट सर्भिस प्रा.लि.- १,४७९
डिके रिभर ओभरसिज प्रा.लि.- १,४६७
स्टरिज एचआर सर्भिस प्रा.लि.- १,४४९
सागर रिक्रुटमेन्ट प्रा.लि.- १,४३९
लक्की एचआर सोलुसन प्रा.लि.- १,४३५
एशिया लिंक सर्भिस प्रा.लि.- १,३८३
एससीसी म्यानपावर कम्पनी प्रा.लि.- १,३७४
ट्रष्ट नेपाल ओभरसिज प्रा.लि.- १,३०१
कञ्चन ह्युमन रिसोर्स म्यानेजमेन्ट प्रा.लि.- १,२७५
मेरिडियन ओभरसिज प्रा.लि.- १,२७९
अलआयुनी ओभरसिज सर्भिस प्रा.लि.- १,२७२
ओमेगा इन्टरनेशनल प्रा.लि.- १,२६१
बज्र ह्युमन रिसोर्स प्रा.लि.- १,२२४
रोटरी ओभरसिज प्रा.लि.- १,२२३
लुलु इन्टरनेशनल प्रा.लि.- १,२०३
मोभिरा रिक्रुटमेन्ट कन्सल्ट्यान्सी सर्भिस प्रा.लि.- १,१५१
मनास्लु इन्टरनेशनल सर्भिस प्रा.लि.- १,१५०
लगइन इन्टरनेशनल ओभरसिज रिक्रुटमेन्ट प्रा.लि.- १,१३४
स्वीफ्ट एचआर सोलुसन प्रा.लि.- १,१२४
सेन्ट्रल क्यापिटल सर्भिस प्रा.लि.- १,१०६
अमिटी ग्लोबल इम्प्लोइमेन्ट सर्भिस प्रा.लि.- १,१८१
मिनवा रिक्रुटमेन्ट एचआर प्रा.लि.- १,०९९
श्री ब्रदर्स ह्युमन रिसोर्स प्रा.लि.- १,१९३
काबेली ह्युमन रिसोर्स प्रा.लि.- १,१९२
भिजन एण्ड भ्यालु ओभरसिज प्रा.लि.- १,१९१
सप्तकोशी ह्युमन रिसोर्स प्रा.लि.- १,१६३
बिएस ओभरसिज प्रा.लि.- १,०९६
वर्ल्ड वाइड ह्युमन रिसोर्स प्रा.लि.- १,०५३
कन्काइ रिक्रुटमेन्ट सप्लायर्स प्रा.लि.- १,०५१
वाइड स्पेस इन्टरनेशनल प्रा.लि.- १,०५१
सिडि ह्युमन रिसोर्स प्रा.लि.- १,०४७
ओशो रिक्रुटिङ एजेन्सी प्रा.लि.- १,०४१
नेपाल एचआर सोलुसन प्रा.लि.- १,०२६
स्काइ वे म्यानेजमेन्ट प्रा.लि.- १,००१
अल आसमाक्स कम्पनी प्रा.लि.- १,०००
स्यारोन म्यानपावर प्रा.लि.- १,०००

## सुरक्षित...

संकलन र प्रशोधन गरिने बताए । उनले भने, 'भारतसहित विदेशबाट फर्केका श्रमिक तथा उनीहरुको सीपको बारेमा राखिएको तथ्यांकअनुसार नै आन्तरिक रोजगारीको रणनीति तयार हुनेछ ।'

मेलामा विभिन्न रोजगारदाता तथा सरकारी निकायको सहभागिता छ ।

# गुठीचौर गाउँपालिका-४ बालविवाह मुक्त वडा घोषणा



**दिलमाया शाही/मध्यान्ह**
जुम्ला, १४ असार

गुठीचौर गाउँपालिका-४ लाई बालविवाह मुक्त वडा घोषणा गरिएको छ । 'बाल विवाह न्यूनीकरणमा आबद्धता, बालमैत्री गुठीचौर बनाउने हाम्रो प्रतिबद्धता' भन्ने मूल नाराका साथ बालविवाह मुक्त वडा घोषणा गरिएको हो । २० वर्ष उमेर नपुगी विवाह गर्न नदिने भन्दै उक्त वडालाई बाल विवाह मुक्त वडा घोषणा गरिएको वडाध्यक्ष टिका दत्त न्यौपाले बताए ।

उनले भने, 'उमेर नपुगी हुने विवाहलाई बन्देज गर्ने निर्णय गरिनु सकारात्मक भएको भन्दै कार्यान्वयन पक्षलाई बलियो बनाउने छौं । सानो उमेरमा गरिने विवाहले प्रजनन् स्वास्थ्यमा असर परेको भन्दै यस्ता कार्यक्रम सञ्चालन गरिएको हो ।'

त्यस्तै ४ वडालाई बालविवाह मुक्त वडा घोषणा गरिएको गुठीचौर गाउँपालिका महिला तथा बालबालिका शाखा प्रमुख सुस्मिता थापाले बताइन् । उनले बालविवाहलाई कानूनले अपराध मानेको छ । तर हाम्रो समाजमा बालविवाह भइरहेका छन् । यसलाई न्यूनीकरण गर्नका लागि साझेदार संस्था किडार्क नेपाल र वर्ल्डभिजन लगायतको सहयोगमा बालविवाह घोषणा गरिएको छ ।

त्यस्तै पालिकालाई नै बालविवाह मुक्त घोषणा गर्ने लक्ष्य लिइएको गुठीचौर गाउँपालिकाका अध्यक्ष दान बहादुर बुढाले बताए । उनले बालविवाह मुक्त अभियानमा स्थानीय र संस्थाले खेलेको भूमिका अत्यन्तै प्रशंसनीय रहेको बताए ।

उनले यदि आगामी दिनमा यस वडामा बालविवाह गरेको पाइएमा कानुनको दायरामा ल्याउने र ताकेको दण्ड पनि गर्ने बताए । उनले यस अभियानमा साथ दिने संघसंस्थाहरुलाई धन्यवाद दिँदै बालविवाह शून्यमा झार्न सबैको उत्तिकै दायित्व हुने छ ।

त्यस्तै समन्वय समितिका प्रमुख गौरी नन्द आचार्यले बालविवाह मुक्त गर्नु राम्रो पक्ष रहेको बताए । कोही कसैले बालविवाह गरेको खण्डमा सरकारले दिने सेवा सुविधा रोक्नुपर्ने उनले बताए । बालविवाह बहुविवाह जस्ता कुरिती हटाउनका लागी सबैको दायित्व हुने उनले बताए ।

त्यस्तै गुठीचौर एकका वडाध्यक्ष तथा पालिकाका प्रवक्ता अर्जुन महताराले बालविवाह मुक्त वडा घोषणा गरिएको सबैलाई आभार व्यक्त गरे । उनले यो कार्याक्रम औपचारिता निभाउनका लागि नभइ व्यवहारमा लागु गर्न अनुरोध गरे । त्यस्तै बालविवाह सम्बन्धी रणनीति जारी, बाल संरक्षण नीति लागू, बालविवाह मुक्त अभियान सञ्चालन निर्देशिका, बाल अधिकार संरक्षण समिति पालिका, वडा र विद्यालय स्तरमा क्रियाशील रहेको लगायतका मापदण्ड पूरा भएकाले वडालाई बाल विवाहमुक्त घोषणा गरिएको गाउँपालिकाले दाबी गरेको छ ।

## साउदीमा रोजगार अवसर

कम्पनी: EVENING SWEETS TRADING EST
शहर: Riyadh

पूर्व स्वीकृत मितिः २०८१/०४/१४ | चलानी नं.: ६०२२१६८२ | LT. No.: 306982

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Manufacturing Worker | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३५,५२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Packaging Worker | 1 | 0 | | 1000 | ३५,५२० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असार २२ गते (6 July 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

New Shristi Overseas Pvt.Ltd.
Govt. Lic No.: 1036/073/074
New Baneshwor, Kathmandu, Nepal, फोन: ४१०५१२५, फ्याक्स: ४४८८०८५
Email: info@newshristiovs.com, shristinewoverseas@gmail.com, Website: www.newshristiovs.com

## अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस कम्पनीले भारतबाट पैठारी गरेको देहायको मालवस्तुहरुको अधिकतम खुद्रा बिक्री मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

| सि. नं. | मालवस्तुको विवरण | आकार/प्रकार | ब्राण्ड | मोडल | उत्पत्तिको मुलक/राष्ट्र | इकाई | प्रति एकाई मूल्य | अधिकतम खुद्रा मूल्य (MRP) |
|---|---|---|---|---|---|---|---|---|
| १ | 32"HD Smart LED Television (DHA-CD2024-32SM) | इलेक्ट्रिकल | Distar | DHA-CD2024-32SM | भारत | पिस | 15,926.27 | 15,926.27 |
| २ | 43" FHD Smart LED Television (DHA-CD2024-43SMFHD) | इलेक्ट्रिकल | Distar | DHA-CD2024-43SMFHD | भारत | पिस | 26,249.87 | 26,249.87 |

शेर्पा एण्ड कम्पनी प्रा. लि.
ठेगानाः बसुन्धारा, काठमाडौं, नेपाल, फोन : ०१-५९०६१३० स्थाइ लेखा नं. ३००१८५३३९

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित : २०८१/०३/१५

**अनुकूल बन्दना खाद्य प्रा.लि.**को मिति २०८१/०२/१४ गते सम्पन्न विशेष/वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **नेक्स्त जेन (प्रा.लि. नं.: २०४७२२)** कायम गर्ने गरी मिति २०८१/०३/१४ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

## कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०७९/०२/१० मा दर्ता भएको **प्रा.लि.नं. २०१०४७** को **राइनास विल्डर्स प्रा.लि**. नामक कम्पनी यस कार्यालयको मिति २०८१/०३/१३ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## कर्णाली सरकारका प्रवक्ता र मन्त्रालयका प्रवक्ताहरुबीच छलफल



**कुलेन्द्र शाही/मध्यान्ह**
सुर्खेत, १४ असार

कर्णाली प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री एवम् प्रदेश सरकारका प्रवक्ता विनोदकुमार शाहले मन्त्रालयका प्रवक्ताहरुसँग छलफल गरेका छन् । कर्णाली प्रदेश सरकारको प्रवक्ताको जिम्मेवारी पाएसँगै मन्त्री शाहले शुक्रबार ८ वटै मन्त्रालयका प्रवक्ताहरुसँग बैठक बसेका हुन् ।

मन्त्री शाहको अध्यक्षतामा बसेको बैठकमा कर्णाली प्रदेश सरकारले गरेका गतिविधिहरुको प्रचारप्रसार, प्रवक्ताहरुबीचको समन्वय तथा सहकार्यलगायतका विषयमा छलफल भएको छ । यस्तै, उक्त बैठकमा मन्त्री शाहले मन्त्रिपरिषद् बाहेक प्रत्येक मन्त्रालयमा भएका मुख्यमुख्य निर्णयहरु प्रवक्ताहरुले आफूलाई जानकारी गराउनुपर्ने बताए ।

साथै कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को बैठकले गरेका निर्णयहरु मासिकरुपमा प्रकाशन गर्ने प्रवक्ताहरुबीचको बैठकले निर्णय गरेको छ । प्रवक्ताहरुको बैठमा मन्त्री शाहले संघीयता व्यवस्थापछि जसरी प्रदेश सरकारले आफ्नो क्षेत्रमा विकास गर्नुपर्ने त्यो तरिकाले कामहरु नभएको बताए ।

उनले भने, 'संघीय व्यवस्था अनुसार प्रदेश सरकारको विकासले तीव्रता लिन नसके पनि सरकारले राम्रा कामहरु पनि गरेको छ । तर ती कामहरुको प्रचारप्रसार नहुँदा जनताहरु सुसूचीत हुनबाट वञ्चित भएका छन् । त्यसैले सरकारले गरेका कामहरु बाहिर ल्याउनमा सरकार तथा मन्त्रालयका प्रवक्ताहरुको भूमिका महत्वपूर्ण हुन जान्छ ।'

## विश्व वातावरण दिवसको अवसरमा वृक्षारोपण



**सुर्य प्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, १४ असार

विश्व वातावरण दिवस तथा वृक्षारोपण दिवसको अवसरमा सन्धिखर्क नगरपालिका वडा नम्बर १० अर्घामा वृहत् वृक्षारोपण कार्यक्रम सम्पन्न भएको छ ।

डिभिजनल वन अधिकृत ईश्वरीप्रसाद पौडेलको अध्यक्षतामा भएको कार्यक्रममा बोल्दै जिल्ला समन्वय समितिका प्रमुख जीवनारायण कोइरालाले बिरुवा रोप्ने भन्दा पनि बिरुवाको स्याहार सुसार गर्ने मलजल गर्ने काममा सबै स्थानीयवासीले ध्यान दिनुपर्नेमा जोड दिएका थिए ।

कार्यक्रममा सन्धिखर्क नगरपालिकाका प्रमुख कृष्णप्रसाद श्रेष्ठले बिरुवा रोप्ने कामलाई स्थानीय सरकारले पनि निरन्तरता दिएको बताउँदै सन्धिखर्क नगरपालिकाका नजिक रहेका सबै खोला किनारा विशेष गरी चुत्राबेसीका विभिन्न ठाउँमा बिरुवालाई एक घर, एक बिरुवा रोपणको कामलाई निरन्तरता दिन लागेको बताए ।

कार्यक्रममा प्रमुख जिल्ला अधिकारी सुर्य बहादुर खत्रीले अर्घाखाँची जिल्लालाई हरियाली बनाउने कार्यक्रम अन्तर्गत वृक्षारोपण कार्यलाई डिभिजन वन कार्यालयले निरन्तरता दिएकोमा धन्यवाद दिँदै सबै स्थानीयको सहभागीतामा वृक्षारोपण गर्न सबैलाई अपिल गरेका थिए । कार्यक्रममा सन्धिखर्क नगरपालिकाका उपप्रमुख मिश्रा आचार्य, प्रहरी नायब उपरीक्षक प्रतित सिंह राठौर, सशस्त्र प्रहरी नायब उपरीक्षक भिमसेन दास प्रधान, भू तथा जलाधार कार्यालयका प्रमुख शम्भु झा, वडा नम्बर १० का अध्यक्ष मोहनसिंह ठकुरा, वरिष्ठ वन अधिकृत मदन प्रसाद ढुंगाना, वरिष्ठ वन अधिकृत मोहन मिश्र, डिभिजन वन कार्यालय अर्घाखाँचीका प्रवक्ता यादव सापकोटा, वन अधिकृत पन्नालाल भट्टराई, अधिकृत अरुण आचार्य लगायतको उपस्थितिमा वृक्षारोपण गरिएको डिभिजन वन अधिकृत ईश्वरीप्रसाद पौडेलले जानकारी दिए ।

# प्रविधिमैत्री साहित्यिक पत्रकारिता आजको आवश्यकता : मन्त्री शर्मा

**काठमाडौं/मस–** सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्माले प्रविधिमैत्री साहित्यिक पत्रकारिता आजको आवश्यकता रहेको बताएकी छन् । नेपाल साहित्यिक पत्रकार संघको १८औं वार्षिकोत्सवका अवसरमा आयोजित साहित्यिक पत्रकारिता दिवस तथा सम्मान कार्यक्रमको उद्घाटन गर्दै मन्त्री शर्माले सो कुरा उल्लेख गेकी हुन् ।

मन्त्री शर्माले नेपाल साहित्यिक पत्रकार संघसँग सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले सहकार्य गर्ने उल्लेख गर्दै साहित्यिक पत्रकारका समस्यालाई समाधान गर्न आफूले सक्दो प्रयत्न गर्ने बताइन् ।

सो अवसरमा मन्त्री शर्माले वरिष्ठ स्रष्टा तथा साहित्यिक पत्रकार नारायणप्रसाद शर्मा, डा. तुलसी भट्टराई, निनु चापागाईं, डा.विष्णुविभु घिमिरे, डा.अमर गिरी, ईश्वरचन्द्र ज्ञवाली, प्रा. घनश्याम कँडेल, नरेन्द्रबहादुर श्रेष्ठ, नरनाथ लुइँटेल, प्रा.डा. कृष्णप्रसाद घिमिरे, लोकबहादुर थापा मगर, हरिगोविन्द लुइँटेल, कृष्ण प्रसाईं र सावित्री श्रेष्ठलगायत १४ जनालाई 'राष्ट्रिय साहित्यिक पत्रकारिता सम्मान' अर्पण गरिन् ।




कार्यक्रममा विशिष्ट अतिथि नेपाल प्रज्ञा प्रतिष्ठानका कुलपति भूपाल राईले मातृभाषा साहित्यिक पत्रकारिता क्षेत्रमा सरकारी सञ्चारमाध्यम समावेशी नदेखिनु दुःख लाग्दो कुरा रहेको बताए । तर प्रज्ञा प्रतिष्ठानले साहित्यिक पत्रिका सहयोग कोष स्थापना गरी पुरस्कार र अनुदान प्रदान गर्दै आएको उनले उल्लेख गरे । साथै मातृभाषा साहित्यिक पत्रकारिताको उन्नायनमा समेत लागिपरेको बताउँदै उनले सरकारको ध्यानाकर्षण गराए ।

विशेष अतिथि नेपाल साहित्यिक पत्रकार संघका पूर्वकेन्द्रीय अध्यक्ष तथा सल्लाहकार रोचक घिमिरेले सरकारले साहित्यिक पत्रकारितालाई उपेक्षा गरेको र यसको विशिष्टता बुझ्न नसकेको बताए ।

सम्मानित व्यक्तित्व वरिष्ठ स्रष्टा तथा साहित्यिक पत्रकार निनु चापागाईंले इतिहासदेखि नै साहित्यिक पत्रकारिता साहित्यको मेरुदण्ड बनेर आएको बताए । तर राजकीय निकायहरूले यसलाई महत्व नदिनु दुःखद पक्ष रहेको उनको भनाइ थियो । यसैगरी अर्का सम्मानित व्यक्तित्व वरिष्ठ स्रष्टा साहित्यिक पत्रकार डा. तुलसी भट्टराईले साहित्यिक पत्रकारिताले पुऱ्याएको योगदानलाई कसैले पनि नजरअन्दाज गर्न नहुने बताए ।

अर्का सम्मानित व्यक्तित्व ईश्वरचन्द्र ज्ञवालीले साहित्यिक पत्रकारले जनयुद्धलगायतका विभिन्न अग्रगामी आन्दोलनको पक्षधरता देखाउँदै सांस्कृतिक रूपान्तरणमा समेत अहम भूमिका खेल्दै आएको बताए । त्यसकारण साहित्यिक पत्रकारिताको समाजमा विशेष भूमिका रहँदै आएकाले सरकारले विशेष प्राथमिकता दिनुपर्नेमा उनले जोड दिए ।

संघका केन्द्रीय अध्यक्ष मोहन दुवालले साहित्यिक पत्रकारिताको गरिमामय इतिहासबारे चर्चा गर्दै छापा तथा विद्युतीय पत्रपत्रिका अनेकौं समस्यासँग जुधिरहेको बताए । मातृभाषा साहित्यिक पत्रकारिताको प्रवर्द्धनका निम्ति संघ एकसाथ रहने बताए । उनले प्रस्तावित मिडिया काउन्सिल विधेयकमा साहित्यिक पत्रकारको प्रतिनिधित्वलाई सुनिश्चित गर्नसमेत माग गरे ।

संघका केन्द्रीय उपाध्यक्ष रामप्रसाद पन्तले साहित्यिक पत्रकारिताका ज्वलन्त समस्याबारे चर्चा गर्दै स्वागत मनतव्य राखेका थिए । संघका केन्द्रीय कोषाध्यक्ष सूर्य लाकोजूले समग्र साहित्यिक पत्रकारिताका बारेमा नयाँ ढंगले सोच्नुपर्ने बताउँदै धन्यवाद ज्ञापन गरे । कार्यक्रमका उद्घोषक संघका केन्द्रीय महासचिव चेतनाथ धमलाले साहित्यिक पत्रकारिताका आयामहरू समयसँगै बदलिँदै गएकाले तिनलाई आत्मसात गरेर अघि बढ्नुको विकल्प नभएको बताए । जागरणकालमा रहेको मातृभाषा साहित्यिक पत्रकारिताको विकासमा सबैको चासो रहनुपर्ने उनको धारणा थियो ।

# मानो छरेर मुरी फलाउने दिन

**सपना बोहरा/मध्यान्ह**
दाङ, १५ असार

आज असार १५ गते । यो दिनलाई राष्ट्रिय धान दिवसको रुपमा मनाइने गरिन्छ । 'जलवायु मैत्री कृषि, धान उत्पादनमा वृद्धि'भन्ने नारासहित यो वर्ष धान दिवस मनाइँदै छ ।

किसानहरुले आजको दिनलाई मानो छरेर मुरी फलाउने दिनको रुपमा लिने गर्छन् । किसानहरुले यो समयमा मानो छरेर वर्षभरी पुग्ने खेतमा धान फलाउने गर्छन् । बिहानैदेखि किसानहरु हातमा फरुवा, कोदालो काँधमा हलो र जुवाँ बोकेर खेतमा धान रोप्नको लागि जान्छन् भने महिलाहरु पनि धानको बीउ काढ्न र रोप्नमै व्यस्त हुन्छन् ।

विगतको वर्ष जस्तो यो वर्ष कालो बादलले आकाश मडारिएको आकास छैन् । खेतका गरा-गरामा हरिया धानको बीउ उम्रदै छन् ।

खेतका आलीहरु ताछेर धानको बीउ रोप्नको लागि तयार पारिएका बाँझो खेत । तर यो समयमा खोला नाला र कुलामा बग्ने पानी अझै सोझिएका छन् किसानहरुको खेतमा । मनसुन ढिला शुरु भएसँगै खोलामा अझैं पानी



बगेका छैनन् । किसानलाई मनसुनले साथ नदिएपनि मोटरबाट पानी लगाएर भएपनि धानको बीउ राखेर रोप्नको लागि तयारी अवस्थामा छन् किसानहरु ।

पछिल्लो वर्ष किसानहरु कृषि यान्त्रिकरणमा फड्को मार्दै गएका छन् । किसानहरु पावर टिलर, रोटाभेटर मेसिनहरु अपनाएका छन् भने किसानहरु परम्परागत स्थानीय हलोलाई परिमार्जन गरेर उन्नत फलामे हलोहरु अपनाएका छन् ।

धान रोप्नको लागि बाउसे, रोपरा र हलिहरु पनि तयारी अवस्थामा छन् । आजको दिनमा किसानहरु धानको बीउ रोप्दै दही चिउरा खाने, हिलो छ्यापा छ्याप गरेर एक अर्कामा सद्भाव बाँडेर रमाइलो पनि गर्ने गर्छन् । बिगतको वर्षहरुमाझैं यो वर्ष पनि स्थानीय तहहरुले औपचारिक कार्यक्रमको आयोजना गरेर धान दिवस मनाउँदै छन् ।

आइतबारदेखि दाङमा वर्षा शुरु भएको छ । घोराही, १० नारायणपुरका मोतिराम थारु धानको बीउ रोप्ने तयारीमा छन् । उनले मोटरबाट पानी चहार्दै भएपनि रोप्नको लागि धानको बीउ तयार गरिसकेका छन् । उनले पावर टिलर लिएर खेत जोत्नको लागि पानी कुर्दै छन् । 'यो वर्ष मात्रै पावर टिलर लिएको हुँ' थारुले भने, 'अब यसैले जोतेर धानको बीउ लगाउने हो ।'

त्यस्तै घोराही १३ की कुसुम अधिकारी पनि धानको बीउ रोप्ने तयारी अवस्थामा छिन् । त्यसैमाथि आइतबार पानी परेर अब समयमा रोप्न पाइएला कि भन्ने आशामा छिन् ।

कृषि ज्ञान केन्द्र दाङका अनुसार दाङमा धान रोपाइँ शुरु भइसकेको छ । यस वर्ष कार्यालयले ४१ हजार पाँच सय हेक्टर क्षेत्रफलमा धान खेती गर्ने लक्ष्य लिएको छ । दाङको ३८ हजार हेक्टर क्षेत्र फलमा धान खेतीको रुपमा पकेट क्षेत्र समेत छुट्याइएको छ । देउखरी, सौडियार, धर्ना, फुलवारी, तुलसीपुर, मानपुर, बिजौरी, धनौरी, बेला, रामपुर, त्रिपुर, शान्तिनगर, बाघमारे, हेकुली र लालमटियालाई धान खेतीको लागि पकेट क्षेत्र समेत छुट्याइएको छ ।

पछिल्लो समयमा कृषि क्षेत्रमा पनि यहाँका किसानहरुले निकै फड्को मारिसकेका छन् । हिजोआज कृषकहरुमा पहिलेको जस्तो ढिलो पाक्ने, धेरै पानी लाग्ने धानको बीउहरु लगाउन छोडिसकेका छन् ।

# सुदूरपश्चिम प्रदेशमा एसईई परीक्षामा सबैभन्दा कम उत्तीर्ण

**सुनिल आउजी/मध्यान्ह**
धनगढी, १४ असार

यस वर्षको माध्यमिक शिक्षा परीक्षा( एसईई)को नतिजा अनुसार सात वटै प्रदेशमध्ये सुदूरपश्चिममा सबैभन्दा कम परीक्षार्थी उत्तीर्ण भएका छन् ।

सुदूरपश्चिमबाट ५३ हजार ४४६ विद्यार्थीले एसईई दिएका थिए, जसमध्ये १७ हजार ३६ विद्यार्थी मात्र उत्तीर्ण भएका छन् । यस्तै ३६ हजार ४१० अर्थात् ६८.१२ प्रतिशत ननग्रेडिङ भएका छन् । यीमध्ये १६ हजार ३७२ छात्र र २० हजार ३८ छात्रा छन् । सुदूरपश्चिम भरिमा ७९० विद्यार्थीले उत्कृष्ट नतिजा ३.६० देखि ४ जिपिए ल्याउन सफल भएका छन् ।



डडेलधुराबाट दुई हजार ५५७ परीक्षार्थीले एसईई परीक्षा दिएकोमा एक हजार १०३ छात्रा र एक हजार २५४ छात्रा रहेको शिक्षा समन्वय समितिले जनाएको छ ।

उत्तीर्ण हुने विद्यार्थीको प्रतिशतमा २०.८३ रहेको शिक्षा समन्वय समिति एकाइ प्रमुख नारदप्रसाद जोशीले जानकारी दिए । २ जिपिए ल्याउने विद्यार्थीको संख्या एक हजार ९६४ रहेको छ । उनका अनुसार ३.६ जिपिए ल्याउने विद्यार्थीको संख्या साधारणतर्फ २८ र प्राविधिकतर्फ एक गरी जम्मा २९ रहेको छ ।

### कैलालीमा ३० प्रतिशत उत्तीर्ण

कैलालीमा चार जना विद्यार्थीले ४.० जिपिए ल्याएका छन् । ४.० जिपिए ल्याउने विद्यार्थीमा दुर्गालक्ष्मी मावि अत्तरियाकी छात्रा नीतिका अवस्थी, सत्यवती एकेडेमी अत्तरियाका निर्मला ठगुन्ना, वीरेन्द्र विद्या मन्दिर मावि टीकापुरका हेमन्त साउद र सैनिक आवासीय विद्यालयका विकास रावत छन् । शिक्षा समन्वय एकाइ अधिकृत प्रतापसिंह धामीका अनुसार एसईईमा ३.६ देखि ४ जिपिए प्राप्त गर्ने विद्यार्थी ३३४ जना छन् । ३.२ देखि ३.५९ जिपिए प्राप्त गर्ने एक हजार २९९ जना छन् । २.८ देखि ३.१९ जिपिए प्राप्त गर्ने दुई हजार ७३ जना छन् । २.४० देखि २.७९ जिपिए प्राप्त गर्ने एक हजार ५१९ जना, २.०१ देखि २.३९ जिपिए प्राप्त गर्ने १८३ जना छन् ।

यस वर्ष १८ हजार ६० जना विद्यार्थी एसईई परीक्षामा सहभागी भएकोमा पाँच हजार ४२८ जना उत्तीर्ण भए भने पाँच हजार ५० जना विद्यार्थी ग्रेड सुधार परीक्षा दिन योग्य भएका छन् । सात हजार ५८० जना ग्रेड गणनामा परेनन् । नतिजा हेर्दा ३० प्रतिशत उत्तीर्ण, २८ प्रतिशत ग्रेड वृद्धि योग्य र ४२ प्रतिशत कुनै ग्रेडमा परेनन् ।

### अछाममा २८ प्रतिशत उत्तीर्ण

अछाममा एसईईको परीक्षामा अछाममा २८.८५ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका छन् । चार हजार नौ सय परीक्षामा सहभागी भएकामध्येमा एक हजार ४१४ जना विद्यार्थी उत्तीर्ण भएको शिक्षा विकास तथा समन्वय एकाइ परीक्षा शाखा प्रमुख सुरेन्द्र बजगाईंले जानकारी दिए ।

तीन हजार ४८६ जना विद्यार्थी अनुत्तीर्ण भएका छन् । ३.६० जिपिएभन्दा माथि ल्याउने ११ जना छन् । जसमध्ये एक जना प्राविधिक धारतर्फ र अरू साधारण शिक्षाका रहेको बजगाईंको भनाइ छ । ३.२० जिपिएभन्दा बढी ल्याउने ११५ जना छन् । यस्तै २.८० जिपिएभन्दा बढीमा ५०४ जना, २.४० भन्दा बढी ल्याउनेमा ७१७ र दुई जिपिएमा ६७ जना उत्तीर्ण भएका छन् ।

### बाजुरामा एक हजार उत्तीर्ण

बाजुरा २०८० सालको एसईईमा बाजुरामा एक हजार विद्यार्थी मात्र पास भएका छन् । परीक्षामा सहभागी भएका दुई हजार ८३४ विद्यार्थीमध्ये एक हजार उत्तीर्ण भएको शिक्षा विकास समन्वय एकाइका सूचना अधिकारी लालबहादुर विष्टले बताए ।

उनले भने, 'बाजुरामा नियमित दुई हजार ८३४ विद्यार्थीमा एक हजार ४८७ छात्रा र एक हजार ३४७ छात्र सहभागी भएका हुन् ।' एसईई परीक्षामा सहभागीमध्ये एक हजार ८३४ जना एनजीमा रहेको सूचना अधिकारी विष्टले बताए । एसईईमा बाजुराका ६७ विद्यालय सहभागी थिए ।

## गरुडा नगरपालिकालाई सात दिनभित्र सूचना उपलब्ध गराउन आयोगको आदेश




**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, १४ असार

राष्ट्रिय सूचना आयोगले रौतहटको गरुडा नगरपालिकालाई सात दिनभित्र सूचना उपलब्ध गराउन आदेश दिएको छ । सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १० (३) (क) अनुसार सूचना उपलब्ध गराउन आयोगले आदेश जारी गरेको हो ।

रौतहटको गौर नगरपालिका वडा नं. २ निवासी शैलेन्द्र झाले गरुडा नगरपालिकासमक्ष सूचना माग गरेका थिए । तर नगरपालिकाले सूचना उपलब्ध नगराएपछि उनले सूचना उपलब्ध गराइपाउँ भनि आयोगसमक्ष गत वैशाख ३ गते पुनरावेदन गरेका थिए ।

पुनरावेदनको सम्बन्धमा आयोगबाट गरुडा नगरपालिकाको नाममा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १० को उपदफा (२) बमोजिम सात दिनभित्र आयोगसमक्ष लिखित जवाफ पठाउनू भनि वैशाख ६ गते आदेश भएको थियो ।

आयोगको आदेशपश्चात गरुडा नगरपालिकाले तोकिएको म्याद सकिँदा पनि कुनै जानकारी उपलब्ध नगराएको भन्दै पुनरावेदकले गत जेठ २२ गते पुनः उजुरी गरेका थिए । त्यसपछि आयोगले जेठ २७ गते नगरपालिकालाई सूचना उपलब्ध गराउन आदेश दिएको छ ।

सूचना आयुक्तद्वय कमला ओली थापा र रत्नप्रसाद मैनाली तथा प्रमुख सूचना आयुक्त महेन्द्रमान गुरुङद्वारा हस्ताक्षरित आदेशपत्रमा नेपालको संविधान, २०७२ को धारा २७ ले प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारका कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ भन्ने व्यवस्था गरेको उल्लेख गरिएको छ ।

जेठ २७ गते जारी भएको आदेशपत्रमा उल्लेख गरिएको छ, 'सार्वजनिक निकायलाई आफ्नो भनाइ राख्ने पर्याप्त समय दिँदा पनि आयोगको आदेशप्रति बेवास्ता भनी लिखित जवाफ पेश नगरेको देखिन्छ । सूचना मागकर्ताले माग गरेको विषय सूचनाको हकसम्बन्धी ऐनको दफा ३ को उपदफा (३) मा उल्लिखित सूचना प्रवाह गरिनेछैन भन्ने विषयभित्र परेको देखिँदैन । सूचना मागकर्ताले माग गरेको सूचना उपलब्ध गराउनु सार्वजनिक निकायको दायित्व भएको र सूचना सरल र सहजरूपमा उपलब्ध गराउँदा सार्वजनिक निकायप्रतिको अपनत्वमा अभिवृद्धि हुन्छ । तसर्थ सूचना मागकर्तालाई सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १० को उपदफा (३) को खण्ड (क) अनुसार तपसिलको सूचना ७ (सात) दिनभित्र उपलब्ध गराउनू भनी गरुडा नगरपालिकाको कार्यालय, रौतहटका कार्यालय प्रमुखको नाममा यो आदेश जारी गरिएको छ ।'

संविधानले नागरिकलाई मौलिक हकको रूपमा प्रत्याभूत गरेको सूचनाको हकसम्बन्धी व्यवस्था कार्यान्वयनका लागि सूचनाको हकसम्बन्धी ऐन, २०६४ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ जारी भइ कार्यान्वयनमा रहेको छ ।

उक्त ऐनको दफा ३ को उपदफा (१) मा प्रत्येक नेपाली नागरिकलाई यस ऐनको अधिनमा रही सूचनाको हक हुनेछ भन्ने उल्लेख छ भने उपदफा (२)मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने उल्लेख छ ।

संयुक्त राष्ट्रसंघसमेतले सूचनाको पहुँचलाई मानव अधिकारको रूपमा स्वीकार गरेको छ। यस्तो अवस्थामा नागरिकले माग गरेको सूचना समयमै र माग गरेको स्वरूपमा उपलब्ध गराउनु सबै सार्वजनिक निकायको कर्तव्य र दायित्वभित्र पर्न आउँछ । यसबाट सर्वसाधारण नागरिकको अपनत्व तथा सार्वजनिक निकायको पारदर्शिता र उत्तरदायित्वप्रतिको प्रतिबद्धता पनि देखिन्छ ।

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ को उदफा (१) मा सार्वजनिक निकायका प्रमुख वा सूचना अधिकारीले मनासिब कारणबिना सूचना नदिएको वा दिन इन्कार गरेको, आंशिकरूपमा वा गलत सूचना दिएको वा सूचना नष्ट गरेको देखिएमा आयोगले त्यस्तो प्रमुख वा सूचना अधिकारीलाई एक हजारदेखि २५ हजार रुपैयाँसम्म जरिवाना गरी त्यस्तो प्रमुख वा सूचना अधिकारी विभागीय कारबाही हुने पदमा रहेको भए निजलाई विभागीय सजायका लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्ने उल्लेख छ ।

## लागुऔषधसहित पक्राउ

**मनु यादव निरज/मध्यान्ह**
सिरहा, १४ असार

प्रहरीले लागुऔषधसहित एक जनालाई पक्राउ गरेको छ । बरियारपट्टीबाट सुखिपुर जाने यात्रुवाहक टेम्पुलाई चेकजाँच गर्ने क्रममा उदयपुर कटारी नगरपालिका वडा नं. ४ का २१ वर्षीय मुकेश मल्लिकलाई पक्राउ गरिएको हो ।

सिरहा बरियारपट्टी गाउँपालिका वडा नं. ३ हवल्दार चोकस्थित इलाका प्रहरी कार्यालय बरियारपट्टी सिरहाबाट खटिएको प्रहरी टोलीले चेक जाँच गर्ने क्रममा मल्लिकलाई नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ । उनको झोलाबाट नाइट्राभेट-१० पिस, कोडिवेल ६०



थान परिमाणको लागुऔषध बरामद गरिएको छ ।

उनलाई नियन्त्रणमा लिइ जिल्ला प्रहरी कार्यालय सिरहाबाट म्याथ थप गरी अनुसन्धान अगाडि बढाइएको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ ।



## एक युगपुरुषको अवसान

# जसको जीवन बित्यो ज्ञान बाँड्दै

हजरत मौलाना अब्दुल अजीज सिद्दिकीमा कहिल्यै तडकभडक आएन । उनमा सम्पत्ति आर्जन गर्ने शोक पनि कहिल्यै पलाएन । उनको खानपिन, लवाइखवाइ, रहनसहन सबै निकै पारदर्शी र सरल रह्यो । प्राय: निजी भौतिक सम्पत्ति बेच्दै मदरसाको विकास र उन्नतिमा लगाए । कुनै सांसारिक लालसाबाट अभिप्रेरित थिएनन् उनी, न उनले आफ्नो प्रचारबाजी नै चाहे ।



■ मोहम्मद जाकिर हुसैन

*जसको जीवन बित्यो बाँड्दै ज्ञान रहेनन् उनी*
*कति सादा थियो त्यो लोकमै छैनन् अरू कोही*

*तिमीले छरेका शैक्षिक सद्बीउ सबै उम्रिओस्*
*दुआ गर्दछन् जगत् नै तिम्रो परलोक सप्रियोस्*

*यस लोकमा लिएनौ क्यै बरु दियौ मात्र थरिथरि*
*अलबिदा छ अल्लामा अब्दुल अजीज सिद्दिकी*

हजरत मौलाना अब्दुल अजीज सिद्दिकी नेपालका ठूला ओलमा (इस्लामका ज्ञाता, विज्ञ)हरूमध्ये पर्दछन् । विश्वका धेरै देशमा सञ्जाल बिस्तार गर्न सफल जमिअत ओलमाको नेपाल च्याप्टरका संस्थापक अध्यक्षको जिम्मेवारीमा समेत थिए ।

सिद्दिकी केही वर्षयतादेखि अस्वस्थ थिए । ९७ वर्षको उमेरमा बुधबार साँझ उनको देहावसान भएको छ । उनको निधनले राजपुर शोकमग्न छ । रौतहटका मुस्लिम र उनलाई चिन्ने देश-विदेशका लाखौं मुसलमान शोकमग्न छन् ।

**को हुन् मौलाना अब्दुल अजीज ?**

रौतहट सदरमुकाम गौरदेखि पश्चिम दिशामा रहेको घना मुस्लिम आवादी राजपुर फरहदवामा मौलाना अब्दुल अजीज सिद्दिकीको जन्म एउटा जमिन्दार परिवारमा भएको थियो । उनका बाजे शेख फोदार मियाँको छोरा शेख गुल्जार मियाँ समाजमा सम्मानित बुजुर्ग थिए । शेख गुल्जार मियाँक तीन छोरा र दुई छोरीमध्ये जेठा थिए अब्दुल अजीज सिद्दिकी थिए ।

अब्दुल अजीजले आफ्नै गाउँको मदरसा महमुदियाबाट प्रारम्भिक शिक्षा हासिल गरे । यसपछि फौकानिया र ओस्तानिया (माध्यमिक तह) को शिक्षा हासिल गर्न उनी बिहार राज्यको मोतिहारीमा जामिया इस्लामिया पुगे । त्यसपछि उनी दरभंगाको मदरसा इम्दादियामा आलिम तथा फाजिल (स्नातक) पूरा गरे । दरभंगामा फजिलत गरेपछि उनी आफ्नै गाउँ राजपुर फरहदवा फर्के । त्यतिबेला उनी ३० वर्षका थिए । उनले पढाइ सम्पन्न गरी फर्कँदा फरहदवामा अरू कसैले इस्लामी शिक्षा हासिल गरेका थिएनन् ।

पढाइ सकेर फर्केपछि उनले राजपुर फरहदवाको मद्रसा महमुदियामा शिक्षक भई सेवा शुरु गरे । उनले मदरसामा सेवा दिन शुरु गर्दा त्यहाँ व्यवस्थापन समितिको अध्यक्ष हाफिज शेख अब्दुल गफुर गनी थिए । मदरसा महमुदियामा उनले सन् १९६२ तिर नियुक्ति पाएका थिए।



अब्दुल अजीजको रौतहट र देशभर नै प्रसिद्धि थियो । खासगरी जमिअत ओलमा हिन्दका ठूला ठूला ओलमासँग उनको सम्बन्ध कायम थियो ।

रौतहटमा राजपुर फरहदवा त्यो बस्ती हो जहाँ वि.सं. २००९ मा राजा त्रिभुवनको सल्लाहकार सभा (संसद)का सदस्य लियाकत अली, २०१५ मा प्रतिनिधि सभा सदस्य जितेका प्रजापरिषद्को नेता शेख इद्रीस जन्मेका थिए । शेख इद्रीसपछि नेपाली कांग्रेसका वरिष्ठतम् नेता थिए । उनी २०४८ मा पनि प्रतिनिधि सभा सदस्यमा जितेर दुई पटक मन्त्री भएका थिए । नेपाली कांग्रेसका नेता तथा पटक-पटक मन्त्री भएका अर्का ठूला व्यक्तित्व मोहम्मद अफताब आलम पनि राजपुर फरहदवाका हुन् । यसपछि यहींका मुस्ताक आलम पनि केन्द्रिय मन्त्री भए ।

मुस्लिम समाजका स्थापित राजनीतिकर्मीहरूको विचरण स्थलमा अब्दुल अजीजको जनतामा प्रभाव देखेर उनलाई पनि सांसद बन्ने प्रस्तावहरू आए । तर, उनले शिक्षा र सामाजसेवाको क्षेत्रलाई नै रोजे । उनले मदरसा महमुदियाको भौतिक पूर्वाधार विकासदेखि शैक्षिक विकासमा आफूलाई केन्द्रीत गरे । मदरसाका सम्पूर्ण बागडोर उनको हातमा आयो । उनको शैक्षिक योगदानले त्यस भेगमा सयौंको संख्यामा मोलवी उत्पादन भयो, जो त्यहाँ र वरपरका बस्ती तथा जिल्लाहरूमा शैक्षिक, सामाजिक तथा धार्मिक कार्यहरूमा खपत भएका छन् ।

> मुस्लिम समाजका स्थापित राजनीतिकर्मीहरूको विचरण स्थलमा अब्दुल अजीजको जनतामा प्रभाव देखेर उनलाई पनि सांसद बन्ने प्रस्तावहरू आए । तर, उनले शिक्षा र समाजसेवाको क्षेत्रलाई नै रोजे । उनले मदरसा महमुदियाको भौतिक पूर्वाधार विकासदेखि शैक्षिक विकासमा आफूलाई केन्द्रित गरे ।

मौलाना अब्दुल अजीज सिद्दिकीकै नेतृत्वमा जमिअत ओलमा नेपालको स्थापना भयो । उनी यसको संस्थापक अध्यक्ष भएपछि १२ वर्षसम्म अध्यक्षकै हैसियतमा सक्रिय रहे । यसको केन्द्रीय कार्यालय काठमाडौंमा रहेको छ भने देशका विभिन्न जिल्लाहरूमा यसका शाखाहरू बिस्तार भएका छन् । यो संस्था मुस्लिम समुदायका ठूला केही मात्र संस्थाहरूमध्ये एक हो । अब्दुल अजीज अस्वस्थ रहन थालेपछि यसको अध्यक्षको जिम्मेवारी मौलाना खालिद सिद्दिकीको काँधमा पुगेको थियो ।

मौलाना अब्दुल अजीज इस्लामी शिक्षाप्रति समर्पित व्यक्तित्व हुन् । उनलाई बुद्धिजीवीहरूले नेपालमा उच्च कोटिको ओलमा र सुफीको रूपमा समेत बुझ्दछन् । अब्दुल अजीजले आफ्ना सम्पत्तिहरूसमेत बेचेर मद्रसा महमुदियाको विकासमा लगाए । उनले सधैं इस्लामी शिक्षाले असल समाजको निर्माण हुन्छ भन्ने बुझे र त्यहीअनुसार काम गरे । टोल टोलमा पुगेर कृषकहरूसँग चन्दा, जकात, उसरा संकलन गरे । त्यसबाट मदरसा चलाए ।

मदरसामा हजारौं विद्यार्थीलाई आवासीय र भोजनसमेतको छात्रवृत्ति प्रदान गरेर जीवनभर शिक्षा दिइरहे । उनका कार्यहरूको लामो समीक्षा हुँदै जानेछ । उनले खासगरी मुस्लिम समाजलाई चाहिने जनशक्ति निर्माण गरे । इस्लामी ज्ञानको केन्द्र मदरसा शिक्षालाई एउटा उचाइमा पुऱ्याउन खोजे । सामाजिक विकृतिहरू निर्मूल पार्न खुट्टिए । असहाय, गरीब, पीडितहरूको राहत केन्द्र पनि बने । ज्ञान बाँड्नु उनको जीवनको आदर्श थियो । उनी वास्तवमा त्यस समाजमा एउटा रिफर्मर थिए । पछिल्लो समय उनले आफ्नो मदरसालाई आधुनिकीकरणमा ढाल्दै लगेका थिए । मदरसाको आफ्नो सनाखत कायम राख्दै आधुनिक पाठ्यक्रमको पक्षमा उभिएका थिए उनी ।

प्राय: सेतो कुर्था पाजामा र मदरसामा हुँदा लुङ्गी कुर्था लगाउने मौलाना अब्दुल अजीजको जीवनशैली अति सरल थियो । उनमा तडकभडक र सम्पत्ति आर्जन गर्ने शोक कहिल्यै भएन । उनको खानपिन, लवाइखवाइ, रहनसहन सबै निकै पारदर्शी र सरल रह्यो । प्राय: निजी भौतिक सम्पत्ति बेच्दै मदरसाको विकास र उन्नतिमा लगाए । कुनै सांसारिक लालसाबाट अभिप्रेरित थिएनन् उनी । न उनले आफ्नो प्रचारबाजी नै चाहे ।

मौलाना नेपालमा मुस्लिम समुदायको सामुदायिक एकताको पक्षधर थिए । २०६९ सालमा देशभरका सर्वपक्षीय मुस्लिम समुदायको साझा प्लेटफर्म राष्ट्रिय मुस्लिम संघर्ष गठबन्धनको स्थापनाको राष्ट्रिय भेलाको अध्यक्षता गर्ने सौभाग्य उनैले पाएका थिए । किनकी उनी निर्विवादित र सर्वमान्य व्यक्तित्व थिए । उनको यो पहिचान जीवनभर कायम रह्यो । रौतहटमा उनलाई आफ्नो समुदायमा बच्चा बच्चाले चिन्छन् र सम्मान प्रकट गर्छन् । उनको पुकारमा पुरै रौतहट झुम्मिएको हेर्न सकिन्छ । झण्डै एक शताब्दी संसार देखेका मौलाना अब्दुल अजीज सिद्दिकीको देहावसानले कौमलाई सर्वत्र स्तब्ध बनाएको छ । एउटा युगपुरुषको अवसान भएको छ । अपुरणीय सामुदायिक क्षति भएको छ ।

*(लेखक हुसैन, मुस्लिम धर्मसम्बन्धी अध्ययन अनुसन्धानमा सक्रिय तथा पूर्वमन्त्री हुन् ।)*



# राँके भूतको त्रास

**कथा**



■ केवल अधिकारी

> कम्मरमा खुकुरी बाँधे पनि काकाको अनुहार अर्कै छ । तल्लो गरामा गोरुले ठूलो सास फेर्दा पनि काका जुरुक-जुरुक उठ्नु हुँदैछ “डर लाग्यो तलाईं” भनेर मलाई आफू निडर भएको आभास गराउनु हुँदैछ ।

“भाई उठ है, शुक्र उदाए आज, जुरी भत्काउन जाँदैनस्, दाहीँ छ सगर डढेको थियो हिजो, पानी पऱ्यो भने त सखाप पार्छ त” हजुरआमाको चर्को स्वरले मेरो निन्द्रा खुल्यो । जुरुक्क ओछ्यानबाट उठेर म अगुल्टो हल्लाउँदै बेसीतिर झरें । निभाराको पातमा धुप हाल्न भनेर बोकेको नौनी घिउ एक हातमा अगुल्टो कम्मरमा झटनी रिमरिम उज्यालोमा आफूलाई एक होनहार दँयेरे महसुस गर्दागर्दै खलेगरामा पुगेको पत्तै भएन ।

हिजो खलो लिप्न आउँदा बा-आमाले भेला पारेको मुढामा आगो झोसेर खलेगरा बढारन लागेँ । खलो बडारी सक्दा नसक्दा आगो सल्कियो । कोइला बोकेर धुप लगाउँदै कुन्यउको तीन फन्का मारे र कुन्युमा चढेर पूर्वपट्टि फर्केर “हे भगवान यो पाली चाहिँ २२ मुरी धान बनाइदेउ है” भनेर जुरी भत्काएँ । बाल्यकालदेखिको मनमित्र बोकेको सपना आज पूरा हुँदा मेरो अनुहारमा एक प्रकार चमक आएको आफैलाई भान भइरहेको थियो ।

जीवनमा पहिलो पल्ट काका अनि बाबाको अनुपस्थितिमा म एक्लै जुरी भत्काउँदा पुरुषार्थको भान पनि भएको थियो । जुरी भत्काएर यसो उभोँ हेरेको निन्दिको टुप्पोमा घाम दखेँ । यो देख्दा मेरो शरीर एक प्रकारको ऊर्जा प्रदान भयो ।

मेको फेदमा परालको मुठा बाँधेर जुरी भत्काउँदा निकालेको परालला‌ई छिरोल्न थाले । छिरौली सकेर उभो कारबारीको बरको फेदमा हेरेँ । अझै गोरु ल्याएका छैनन् उफ.... गरेर आलीमा बसेँ । सायद जुरी भत्काउने जोशमा काम अलिक छिटो गरेर होला मंसिरमा मेरो निधारमा पसिना पो आएको रहेछ ।

बल्ल माथि गोरू धपाएको आवाज सुनियो । कालो तारे र कालो पुँडे गोरु पछिपछि बाबा र दुई दहेरेँ आउँदै रहेछन् । मनमा ढुक्क भयो र मेमा कुडुलो हेरेँ । गोरु बाँध्नलाई सब ठिक रहेछ । आमाले पठाको कितलीको चिया, त्यो पनि चिनिहालेको सासले दुई गिलास पिएँ र गोरु ल्याएर मेमा बाँधियो । एक प्रकारले दाइँको सुरुवात भयो ।

जीवनमा पहिलोपल्ट धान झाँट्दै थिएँ । “यो त बयरनी हो अलिक कुट्नुपर्छ है” भन्दै बाबाले मलाई भन्नुभयो । हर्षका साथ जोर जोरले धान झाँट्न थालेँ, गुबी कुटिसक्दा नसक्दा आमा पनि डोको बोकेर दयरेलाई खाना पकाउन आउनुभयो । डोकोमा चामल, थालबटुका, घरमा पकाएको सब्जी, अचार लिएर आउनु भएको रहेछ । आफ्नो ज्यूको ख्याल नराखी धान झाँटेकोले भोकले रिंगटा छुटिसकेको थियो । बेला-बेला आमाकोमा जाँदै “पाकेन ?” भन्दै सोध्दै आउँदै गर्दै थिए ।

“चामल अलि कम्ति हाल है दुई जना दहेरेँले ढाँटेछन् ।”

“ला.... हो र ?” आमाले प्रतिक्रिया जताउनु भो ।

भात पाकिसकेपछि आमाले सबैभन्दा पहिला मलाई खान दिनुभयो । घाममा राखेको नेवाराको पातको नैनी घिउ, कालो दाल, मुलाको थेबे । अन्त, भोक दुई पल्ट थपेको यादै भएन ।

भात खाएर परालको माझ बनाइयो । लगभग दुई तिससम्ममा परालको थानको मुनको गरेपश्चात परालको धुलो काट्न सक्करको डल्ला सबै खाइयो ।

“धान यो पाली अलिक परेछ, दुई दहेरेंले नढाँटेको बा अलिक छिटो हुन्थ्यो तर, रुङ्न त रुङ्नै पर्छ” भन्नुभयो बाबाले ।

हामी सबैलाई खाना दिकिन आमा घर लाग्नुभो, सबै मिलेर धान बताइसक्दा झमक्कै रात पऱ्यो ।

“काका र भतिज धान रुग्नु, म घर गएर लुगाफाटो र खाना लिएर आउँछु” भनेर बाबा र सबै त दहेरेँ घर लागे । रात ढल्दै गयो तल मसानघाट (बुधुने) तिर पिलपिल बत्ती बल्न थाल्यो । हजुरआमा, काका, बाबाहरूले सुनाएका भुतेराँकाको कथा आज यथार्थ होला जस्तो लाग्यो । एउटा बत्ती हाम्रो खलेगरातिर आको, जस्तो लाग्छ हेर्दाहेर्दै चार/पाँच वटा हुन्छ, अन्त झ्याप निप्छ । ढुकढुकी बढेको बढ्यै छ, कहिले बाबा आउने माथि कारबारीका बरको फेदमा पिलिक्क बत्ति बल्छ । अब बाबा आउनुभो भन्यो, कालो ढुङ्गाबाट बत्ती यतै आउँदैन ।

उता मलाई दिनभरिको थकाईले निन्द्रा लाग्न थालिसक्यो । काकामा पनि डर त्रास झल्किरहेको छ । कम्मरमा खुकुरी बाँध्नु भएको भएपनि अनुहार अर्कै छ । तल्लो गरामा गोरुले ठूलो सास फेर्दा पनि काका जुरुक जुरुक उठ्नु हुँदैछ “डर लाग्यो तलाईं” भनेर मलाई आफू निडर भएको आभास गराउनु हुँदैछ । मलाई त ब्यासीमा मंसिरको जाडोले दिनभरिको थकाइले डरभन्दा पनि ज्यादा निन्द्रा लागिरहेको छ । तर, पनि काकाका लागि “छैन” भन्दैछु ।

काका र म परालको माझमा मुठे पराले बारेको कटेरोमा बसिरहेका थियौँ । अचानक पर आगो बालेको मुढा तल्लो गरामा गयो, हामी चुही पनि नगरी पोको परेर बसेका छौं काकाले भन्नुभयो “त्यो मुढा त बुधनेबाट ल्याएको होइन, लास पोलेको भूतले त उतै पो लान्छ रे त राती” मेरो हंसले ठाउँ छोड्यो । न कराउन सक्छु न बोल्न “भाई ओइ भाई” बाबाको आवाज सुने “हजुर” हतार हतार म बोले । “किन नबोलेको” भन्नुभयो मैले भने “बाबा आगोको मुडा तल्लो गरामा तान्यो कुन्नी केले”, “कहिले” बाबाले सोध्नु “भर्खर” ए मैले हो त्यो अगुल्टो तल्लो गराकमा फ्याँकेको नि भुस सल्कियोस् भनेर ।

## कविता : म पत्रकार बन्न सकिनँ



फणीन्द्र फुयाल 'ज्वाला'

मैले लेखिमात्र रहेँ
समाचार लेखेँ
विचार लेखेँ
विश्लेषण लेखेँ
सम्पादकीय लेखेँ
तर कालोलाई सेतो र
सेतोलाई कालो लेखिन
मैंले पद, पुरस्कार र नियुक्ति पाउन
मालिकको पाउमा तेल घसिन
मेरो कलमले आलोचना लेख्यो
मेरो कलमले तावेदारी गर्न जानेन
यहाँ त 'सुप्रिमो'हरूको
गुणगान लेख्नुपर्ने रहेछ
विश्वविद्यालयका कक्षामा
'वाच डग' हुन पढाइयो
'ल्याप डग' हुन पढाइएन
हामीलाई त गलत पाठ पो पढाइएछ !
'चौथो अंग' हुँ नभनेर
'हस् हजुर' मात्र गर्नुपर्ने रहेछ
ठूलाले गरेका कूकर्म
ढाकछोप गरिदिनु पर्ने रहेछ
पार्टीका झोले बन्नु पर्ने रहेछ !
मैले पत्रकारिता गर्नै जानेनछु
म पत्रकार बन्नै सकेनछु !

## मुक्तक



गणेश लोहनी

१.
विषको वृक्षमा अमृत फलाउन अघि सर्दैछौं
काखमा राखी गला रेट्नेहरूकै शरण पर्दैछौं
घाउमा नुन चुक छर्कन लाम बद्ध छ दुनियाँ
व्यर्थै मल्हम लगाइदिनेहरूको खोजी गर्दैछौ ॥

२.
दिनानुदिन जनताका दरकारहरू बढेका छन्
देखिने र भोग्ने गरेर कर-कारहरू बढेका छन्
उल्लेखनीय कार्य मात्र दल गठबन्धन बदल्नु
सिंहदरबारको नाममा सरकारहरू बढेका छन् ॥

३.
उर्वर सबल युवा शक्ति खाडीतिर जलेकै छ
समृद्धिको सपना हाम्रो धरहरा झैं ढलेकै छ
गहिरोमै ताल पर्छ बजेट देखाउने दाँत न हो
सुगठित साहुहरूको ढ्याके चोके चलेकै छ ॥

## तपाईंको राशिफल

मेष : शिक्षासम्बन्धी कार्यमा रोकावट आउनेछ । अनावश्यक खर्चको योग छ ।

वृष : स्वास्थ्य लाभ हुनेछ । पराकममा वृद्धिको योग छ ।

मिथुन : अनावश्यक जिम्मेवारी लिनु हुँदैन । व्यापारिक कार्यहरूमा राम्रो लाभ हुनेछ ।

कर्कट : पराक्रममा वृद्धि हुनेछ । जीवनसाथीको राम्रो सहयोग पाइनेछ ।

सिंह : अर्कामाथि भरोसा गर्ने समय छैन । विवादमा पर्ने योग छ ।

कन्या : पैतृक सम्पत्ति प्राप्तिको योग छ । शैक्षिक प्रगति हुनेछ ।

तुला : महत्वपूर्ण भेटघाट हुनेछ । कार्यहरूमा सावधानी हुनेछ ।

वृश्चिक : विरोधी सक्रिय रहनेछन् । तनाव बढ्नेछ ।

धनु : कृषिजन्य कार्यमा लाभ प्राप्त हुनेछ । मुद्दा मामिलामा सफलता मिल्नेछ ।

मकर : राजनैतिक सहयोग प्राप्त हुनेछ । अनावश्यक खर्चको योग छ ।

कुम्भ : सामाजिक कार्यमा वृद्धि हुनेछ । लगानी बढ्दै जानेछ ।

मीन : नाता-गोतासँग भेटघाट हुनेछ । पारिवारिक जीवन सुखी रहनेछन् ।



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल, फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

### बाइडेन–ट्रम्प बहस

# नीतिभन्दा आरोप प्रत्यारोप बढी




**काठमाडौं/एजेन्सी–** अमेरिकी पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्पसँग बिहीबार भएको तातो बहसमा ह्वाइट हाउसमा दोस्रो कार्यकालका लागि आफू निकै बुढो नभएको पुष्टि गर्न डेमोक्र्याटिक नेता जो बाइडेनलाई हम्मेहम्मे पर्‍यो । बहसका क्रममा व्यक्तिगत अपमानसहितका आरोपका कारण राष्ट्रपति बाइडेन बहसको शुरूतिर निकै अकमकाएको देखिन्थे ।

ट्रम्पले आफ्ना उत्तराधिकारीलाई अर्थतन्त्र र विश्व मञ्चमा असफल भएको आरोप लगाएका थिए । नेता बाइडेनले जवाफी प्रहार गर्न खोजे, तर उनको प्रस्तुति डगमगाइरहेको थियो किनकि रिपब्लिकन नेता ट्रम्पले चर्को र छिटो आवाजमा व्यक्तिगत अपमानसहितका आरोप लगाएका थिए ।

तयारीका लागि एक हप्ता एकान्तमा बिताएपछि भएको बहस प्रदर्शनले राष्ट्रपति बाइडेनको डेमोक्र्याटिक पार्टीभित्र नयाँ चिन्ता पैदा गरेको थियो किनभने सर्वेक्षणहरूले ट्रम्पलाई नोभेम्बरको चुनावको लागि बराबरी वा अगाडि देखाएको छ ।

राष्ट्रपति र पूर्वराष्ट्रपतिबीच भएको यो पहिलो बहस थियो र दुवैले एकअर्कालाई इतिहासकै सबैभन्दा खराब भएको आरोप लगाएका थिए । ट्रम्प र बाइडेन, जो पहिलो पटक निर्वाचित हुँदा सबैभन्दा वृद्ध राष्ट्रपति थिए, उनीहरूले एक अर्कालाई बच्चाजस्तो भएको आरोप समेत लगाए ।

एटलान्टास्थित सीएनएनको मुख्यालयमा ८१ वर्षीय बाइडेन र ७८ वर्षीय ट्रम्पले हात मिलाएका थिएनन् । त्यहाँ प्रत्यक्ष स्रोताहरू थिएनन् र अन्यले बोल्दा उनीहरूको माइक्रोफोनलाई आवाजविहीन (म्युट) गरिएको थियो ।

बाइडेनले ट्रम्पलाई ह्वाइट हाउसमा दोषी ठहरिएका पहिलो अपराधी हुने भन्दै लाखौं टेलिभिजन दर्शकसामु सम्झाउने प्रयास गरेका थिए । बाइडेनले भने, ‘तपाईंसँग गल्लीको बिरालाको जस्तो नैतिकता छ ।’

ग्याली र रियलिटी टेलिभिजन सोमा काम गरेका ट्रम्पले बाइडेनको रेकर्डबारे गुनासोको लामो फेहरिस्त नियाल्दै चर्को स्वरमा भने, ‘म धेरै मानिसहरूसँग साथी हुँ । संयुक्त राज्य अमेरिकाको हालत के भएको छ भनेर उनीहरूले विश्वास गर्न सक्दैनन् । अब हामी सम्मानित छैनौं ।’

ट्रम्पले बाइडेनको डेलिभरीलाई समात्ने प्रयास गर्दै बहसको क्रममा बोलेको शब्दहरूमाथि व्यंग्य गर्दै भने, ‘वास्तवमा वाक्यको अन्त्यमा के भन्नुभयो मैले बुझ्न सकिन । सायद, उहाँलाई पनि त्यो वाक्यको अन्त्यमा के भन्नुभएको थियो भन्ने जानकारी छैन होला ।’

बहसपछि खाना लिन जाँदै गर्दा वाफल हाउस रेस्टुरेन्टमा रोकेर बाइडेनले पत्रकारसँग भने, ‘मेरो घाँटी दुखेको थियो, तर मलाई लाग्छ हामीले पहिलो कार्यकालमा राम्रो गरेका छौं ।’

बाइडेनको पहिलो कार्यकालका समय ह्वाइट हाउस स्पष्टरूपमा क्षति नियन्त्रण गर्ने मोडमा थियो । उपराष्ट्रपति कमला ह्यारिसले सीएनएनलाई दिएको प्रत्यक्ष अन्तर्वार्तामा बाइडेनको रेकर्ड ‘असाधारण रूपमा बलियो’ भएको बताएकी छन् । ह्यारिसले भनिन्, ‘हो, शुरुवात सुस्त थियो, तर सशक्त अन्त्य भएको छ ।’

बाइडेनका पूर्वसञ्चार निर्देशक केट बेडिङफिल्डले सीएनएनसँग कुरा गर्दै राष्ट्रपतिका लागि यो निकै निराशाजनक साँझ भएको बताएका छन् । ‘यसलाई कम गर्ने अर्को कुनै तरिका छ भन्ने मलाई लाग्दैन,’ उनले भने ।

सीएनएनको एक सर्वेक्षणले बहसमा सहभागीमध्ये ६७ प्रतिशतले बहसमा ट्रम्पले जितेको बताएका छन् । डेमोक्र्याटहरूले अगस्टमा सिकागोमा बाइडेनलाई आफ्नो उम्मेदवारको रूपमा औपचारिक रूपमा घोषणा गर्ने तयारी गरेका छन् । राष्ट्रपति स्वयंले फिर्ता उम्मेदवारी नलिएसम्म मार्ग परिवर्तन गर्ने कुनै उपाय छैन । प्रिन्सटन विश्वविद्यालयका इतिहासकार जुलियन जेलिजरले बहसको प्रस्तुतिबाट बाइडेनका समर्थकहरू निकै चिन्तित हुने बताएका छन् ।

प्रिन्सटन विश्वविद्यालयका इतिहासकार जुलियन जेलिजरले बाइडेनका समर्थकहरू निकै चिन्तित हुने बताएका छन् । ‘बाइडेनले आधारभूत धारणालाई बढावा दिनुभएको छ यसले उहाँलाई ओझेलमा पारिरहेको छ,’ उनले भने ।

बहसमा कुनै पनि उम्मेदवारले नयाँ नीतिहरू राखेनन्, अधिकांश भनाइहरू एकअर्काले गरेका खराब प्रदर्शनबारे गरिएका आपसी आलोचनामा सीमित थिए ।

बाइडेनले व्यक्तिगत क्षणमा ट्रम्पले नोर्मान्डी अवतरणमा मारिएका सैनिकलाई ‘सकर’ को संज्ञा दिएको र इराकमा सेवा गरेका र पछि क्यान्सरका कारण मृत्यु भएका आफ्नै छोरा ब्यूलाई उल्लेख गरेको उल्लेख गरेका थिए । बाइडेनले भने, ‘मेरो छोरो हारेको थिएन, मूर्ख पनि थिएन । बरू तपाईंलाई यो भन्न सुहाउँछ । तपाईं हरूवा हो ।’

ट्रम्पले उक्त टिप्पणीको खण्डन गर्दै बाइडेनलाई सुसंगत नभएको आरोप लगाएका थिए । विदेश नीतिका विषयमा बाइडेनले इजरायललाई समर्थन गरेको भन्दै डेमोक्र्याटिक पार्टीका केही सदस्यबाट आलोचना खेपिरहेका बाइडेनले हमासविरुद्धको कारबाहीका सन्दर्भमा इजरायललाई सहयोग नगरेको आरोप लगाए । पूर्वराष्ट्रपति ट्रम्पले भने, ‘बाइडेन त्यसो गर्न चाहनुहुन्न । उहाँ प्यालेस्टिनी जस्तै बन्नुभएको छ । तर उनीहरूले पनि उहाँलाई मन पराउँदैनन् किनभने उहाँ धेरै खराब प्यालेस्टिनी हसनुहुन्छ । कमजोर हुनुहुन्छ ।’

ट्रम्पले अफगानिस्तानबाट अमेरिकी सेनाको बहिर्गमनलाई बाइडेनले गरेको ‘अमेरिकी इतिहासको सबैभन्दा लज्जाजनक क्षण’ भन्दै यसले रूसलाई युक्रेनमाथि आक्रमण गर्न प्रोत्साहित गरेको बताएका थिए । विदेशमा कुनै पनि सैनिक जोखिममा नपरेको उल्लेख गर्दै बाइडेनले यस्तो नीतिका लागि आफू पहिलो सफल राष्ट्रपति भएको दाबी गरे । ट्रम्प र बाइडेनबीच गर्भपतन र आप्रवासनका विषयमा पनि विवाद भएको थियो ।

बाइडेनले सर्वोच्च अदालतमा न्यायाधीश नियुक्त गरेको प्रसंगमा ट्रम्पको आलोचना गर्दै भने, ‘यो भयानक कुरा हो, तपाईंले जे गर्नुभयो, त्यो भयानक कुरा थियो । अमेरिकी नागरिकले यसलाई बिर्सिने छैनन् ।’

मञ्चमा उपस्थित नहुनेमा चार वटा राष्ट्रिय चुनावमा सीएनएनको १५ प्रतिशत पुग्ने थ्रेसहोल्ड पूरा गर्न असफल एक उम्मेदवार संस्थापन विरोधी अभियन्ता रोबर्ट एफ केनेडी जुनियर थिए । केनेडीले ९० मिनेट लाइभस्ट्रिममा प्रश्न लिएर बिताएका थिए ।


## बहराइनमा रोजगारको अवसर

कम्पनी: IZABILLA BEAUTY SALOON
शहर : Bahrain

पूर्व स्वीकृत मिति: २०८१/०३/१४ | चलानी नं.: ६०२२१६७१ | LT. No.: 306913

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Beautician | 0 | 4 | स. काममा दक्ष | 150 | ५३,०१७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ असार २२ गते (6 July 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

EMINENCE Recruitment International Pvt Ltd
Gov. Lic No.: 1569/079/080
Bhimsengola-31, Prayagmarg, Kathmandu
Tel: 01-4110036, 4110040, 9851164164, 9849964370 9803193977. Email: info@eminencenepal.com
Web: ww.eminencenepal.com



## UAE मा रोजगार

कम्पनी : MAZMO ENVIRONMENTAL SERVICES
शहर: UAE

पूर्व स्वीकृत मिति: २०७९/१२/२० | चलानी नं.: ६०१९९४०८ | LT. No.: 283913 | पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaning Worker | 10 | 0 | सम्बन्धित काममा दक्ष | 900 | ३२,६५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Ordinary Labor | 5 | 0 | | 900 | ३२,६५२ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असार २२ गते (6 July 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

G.C.D. WORLDWIDE PVT. LTD.
Govt. Lic. No.: 519/061/062
Sinamangal-09, Kathmandu, Nepal
Email: gcdworldwide130@gmail.com
Phone number : 9802342288



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी: ALLIANCE FACILITIES SECURITY COMPANY
शहर : KUWAIT

पूर्व स्वीकृत मिति: २०८१/०३/१४ | चलानी नं.: ६०२२१६६५ | LT. No.: 306931

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 25 | 0 | स. काममा दक्ष | 125 | ५४,३०३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असार २२ गते (6 July 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

H.R. International Employment Services Pvt. Ltd.
Gov. Lic No. 247/058/059
G.P.O. Box. No. 8974, CPC 203, Gairidhara-01, Kathmandu, Nepal
Tel:- 01-4521336, 4528508, Mob :- 9868005965 | 9808018084
Email: hrintl2016@gmail.com / info@hrinter.com, Website: www.hrinter.com



## युएईमा रोजगार

कम्पनी : FAN AL KAMAL TECHNICAL SERVICES CO.
शहर: UAE

पूर्व स्वीकृत मिति: २०८०/१२/१९ | चलानी नं.:६०२१७७५३ | LT. No.: 302210 | पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Brick Layer | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४३,५३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Steel Fixer | 4 | 0 | | 1200 | ४३,५३६ | | | | | | | |
| 3. | Carpenter | 4 | 0 | | 1200 | ४३,५३६ | | | | | | | |
| 4. | Painter | 3 | 0 | | 1200 | ४३,५३६ | | | | | | | |
| 5. | Plumber | 4 | 0 | | 1200 | ४३,५३६ | | | | | | | |
| 6. | Building Exterior Cleaner | 2 | 0 | | 1200 | ४३,५३६ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असार २२ गते (6 July 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले तिर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

LIFE KEY OVERSEAS PVT. LTD
Gov. Lic No. 1431/074/075
Samakhushi, Kathmandu, Nepal. Tel : 01- 4951873
E-mail : sajhanepal6@gmail.com | info@lifekeyoverseas.com.np
Web : www.lifekeyoverseas.com.np



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL MAGED AL AHLEA GEN TRAD & CONT CO.
शहर: Kuwait

पूर्व स्वीकृत मिति:२०८१/०३/१३ | चलानी नं.: ६०२२१६३६ | L.T. No.: 306771

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | CLEANER (INDOOR) | 0 | 75 | सम्बन्धित काममा दक्ष | 85 | ३६,९२६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असार २२ गते (6 July 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २००२/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

SRK ओभरसिज नेपाल प्रा. लि. साबिकको नाम (SRK नेपाल प्रा. लि)
टोखा १०, अल नेपाल हस्पिटल नजिक नमस्ते मासु पसलको छेउ
Govt. Lic. No. 1156/073/074
फोन: ०१४९६३४०३, ०१४९५७६८३, ९८१८६५८०९८, ९८०१८९४४३३



## UAE मा रोजगार

कम्पनी : IFM FACILITIES MANAGEMENT LLC
शहर: UAE

पूर्व स्वीकृत मिति: २०८०/१२/१० | चलानी नं.: ६०२१७२४६ | L.T. No.: 302334 | पुन: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 22 | 5 | सम्बन्धित काममा दक्ष | 800 | २९०२४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Cleaning Team Leader | 5 | 0 | | 1527 | ५५३९९ | | | | | | | |
| 3. | House Keeping Supervisor | 5 | 0 | | 3500 | १२६९८० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असार २२ गते (6 July 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

ROTARY OVERSEAS PVT. LTD.
Govt. Lic. No. 562/062/063
Basundhara-3, Kathmandu, Tel : 5903872, 5903873
Mobile : 9818216982, 9803856062, 9851035262, 9815066489
Email: info@rotaryoverseas.com, Web.: www.rotaryoverseas.com



## कतार र कुवेतमा रोजगार

कम्पनी: BASIC ELEMENTS SOLUTIONS
शहर: Qatar

पूर्व स्वीकृत मिति: २०८१/०३/०२ | चलानी नं.: ६०२२१६५१ | LT. No.:306626

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Decor Wood Worker | 4 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४३८६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Labour | 4 | 0 | | 1000 | ३६५५० | | | | | | | |

कम्पनी: THE BRIDGE GEN.TRADE.&CONT.CO
शहर: Kuwait

पूर्व स्वीकृत मिति: २०८०/०६/२३ | चलानी नं.: ६०२०८९६८ | LT. No.:293854 | पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 10 | 0 | सम्बन्धित काममा दक्ष | 110 | ४७७८७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Electrician | 5 | 0 | | 110 | ४७७८७ | | | | | | | |
| 3. | Foreman | 5 | 0 | | 195 | ८४७१३ | | | | | | | |
| 4. | Helper | 10 | 0 | | 90 | ३९०९८ | | | | | | | |
| 5. | Labour | 25 | 0 | | 90 | ३९०९८ | | | | | | | |
| 6. | Painter | 5 | 0 | | 110 | ४७७८७ | | | | | | | |
| 7. | Plumber | 10 | 0 | | 120 | ५२१३१ | | | | | | | |
| 8. | Storekeeper | 15 | 0 | | 130 | ५६४७५ | | | | | | | |
| 9. | Technician | 15 | 0 | | 130 | ५६४७५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८१ असार २२ गते (6 July 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

AJEETS
श्रम ई. पत्र नं.: ३७४/०५९/०६०
Ajeets Management and Development Company Pvt. Ltd.
Tara Hall Chowk, Sinamangal -9, Kathmandu
Phone : 014579390, 4579391 | 9823463896 (Whatsapp)
E-mail : nepalajeets@gmail.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : GHOSN RAY FLOWERS FOUNDATION
शहर : ABHA

पूर्व स्वीकृत मिति : २०८१/०३/१४ | चलानी नं: ६०२२१६७६ | L.T. No.: 306895

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Flower and Plant Seller | 1 | 0 | स. काममा दक्ष | 1600 | ५६८३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : AL-BAWASIQ COMPANY FOR FOOD INDUSTRIES
शहर : RIYADH

पूर्व स्वीकृत मिति : २०८१/०३/१४ | चलानी नं: ६०२२१६७५ | L.T. No.: 306940

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Labor | 9 | 0 | स. काममा दक्ष | 1000 | ३५५२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : AL-ARAWLA RESTAURANT FOR SERVING MEALS
शहर : RIYADH

पूर्व स्वीकृत मिति : २०८१/०३/१४ | चलानी नं: ६०२२१६७४ | L.T. No.: 306939

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
